मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily




वर्ष २ ● अंक १०५ ● २०८० साल फागुन १९ गते शनिबार ● Saturday 02, March 2024 ● सूर्योदय: बिहान ६:२८ बजे ● सूर्यास्त: साँझ ६:०६ बजे ● पृष्ठ ४+४ ● मूल्य रु. ५/-

## वैभव
**शनिबार ४ पृष्ठको वैभव**



- वीरेन्द्र रमण - मधेशको अस्तव्यस्त स्वास्थ्य अवस्था
- श्याम रिमाल - 'चरीमाई' हरूको आवाज बोल्ने कोसिस
- महेश कठायत - प्रविधिको प्रयोग र अपराध
- सन्तुलन र नियमनका लागि राष्ट्रियसभाको महत्व छः अध्यक्ष तिमिल्सिना
- 'घुमौँ भरतपुर'

# संघीय सरकारले मधेशलाई विभेद गऱ्योः मुख्यमन्त्री

**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले संघीय सरकारले मधेश प्रदेशलाई विभेद गरिरहेको बताएका छन् । शुक्रबार जीतपुरसिमरा महोत्सवका अवसरमा आयोजित कार्यक्रममा मुख्यमन्त्री यादवले संघ सरकारले मधेशलाई सधैँ विभेद गरिरहेको बताएका हुन् ।

संघीय सरकारमा जुन दलको नेतृत्व आए पनि मधेश प्रदेशलाई गर्ने व्यवहारमा विभेदकारी नै भएको उनको भनाइ छ । मुख्यमन्त्री यादवले केपी शर्मा ओली, शेरबहादुर देउवादेखि पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारसम्म आइपुग्दा मधेशलाई गर्ने व्यवहार उस्तै विभेदकारी भएको बताए । 'संघ सरकारमा जोसुकै आए पनि मधेशलाई गर्ने विभेद उस्तै छ,' उनले भने, 'चाहे केपी ओलीको सरकार होस्, देउवाको होस् वा अहिलेको प्रचण्डको सरकार, बोली फरक भए पनि व्यवहार उही हो परिर्वतन छैन ।'

सम्बोधनक्रममा मुख्यमन्त्री यादवले संघका कर्मचारी मधेशमा सुशासनका लागि नभई पैसा कमाउन आउने गरेको आरोपसमेत लगाए । साथै, उनले संघीयताप्रति मधेशका सबै जनता एकजुट हुनुपर्ने र जुनसुकै दलमा भए पनि आआफ्नो ठाउँबाट आवाज उठाउनुपर्ने बताए । मुख्यमन्त्री यादवले संघीय सरकारले विनियोजन गर्ने बजेटमा समेत मधेशलाई विभेद गरेको बताए । उनले संघीय सरकारले ६५ लाख जनसंख्या भएको मधेशलाई करिब १३ अर्ब रुपैयाँ अनुदान दिएको र १३ लाख जनसंख्या भएको कर्णाली प्रदेशलाई १९ अर्ब अनुदान दिएको उल्लेख गरे । संघीय सरकारले १७–१८ खर्ब रुपैयाँको बजेट ल्याउने गरेको र मधेश प्रदेशले ४३–४४ अर्ब रुपैयाँको बजेट ल्याउने गरेको जानकारी दिँदै प्रदेशको सबै बजेट सम्बन्धित मन्त्रालयमा पठाउने गरेको बताए ।

कार्यक्रममा मुख्यमन्त्री यादवले मधेश प्रदेशको लागि पर्यटन महत्वपूर्ण क्षेत्र भएको बताए । मधेशमा आउने पर्यटक



भारतीय धेरै भएको उल्लेख गर्दै उनले भारतीय पर्यटकका लागि विशेष सहुलियत व्यवस्था गर्नुपर्नेमा जोड दिए । सीमा नाकादेखि विभिन्न स्थानमा चेकजाँच बढी भइरहेको र भारतीय पर्यटक नेपाल आउनलाई सहज नभएको उनको भनाइ थियो । मधेश प्रदेशका सबै सीमा नाकाबाट आउने भारतीय पर्यटकलाई एक हप्ताका लागि भन्सार छुट लगाइदिए पर्यटक बढ्न सक्ने र ६ महिनामा मधेशको मुहार फेरिने सक्ने बताए । मुख्यमन्त्री यादवले भन्सार शुल्क चाहिने नै भए प्रदेश सरकारले महसुल तिर्ने बताए ।

उनले वीरगंजदेखि पथलैयासम्म भारतीय पर्यटक आउँदा भन्सारमै दुई घण्टा कुराउने र १२ ठाउँमा चेकिङका नाममा दुःख दिइने गरिएको बताए । उनले भने, '२५ हजार रुपैयाँ बोकेर आउने कानुन छ, को आउँछ २५ हजार रुपैयाँ लिएर घुम्न ?'

## गठबन्धन सरकार पूर्णरुपमा असफलः पोखरेल



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेकपा एमालेका महासचिव शंकर पोखरेलले व्यवस्थाविरोधी आन्दोलनलाई जनताले आफ्नो बलमा निस्तेज पारिदिने बताएका छन् । उनले अहिले सरकारको असन्तुष्टिलाई व्यवस्थासँग जोडेर आन्दोलन गराउने कार्य भइरहेको बताउँदै यसलाई जनताले निस्तेज पारिदिने जिकिर गरे ।

जनकपुरमा सञ्चारकर्मीसँगको कुराकानीमा पोखरेलले सरकारले सुशासनको नारा दिएर हल्ला मात्रै गरेको बताउँदै सुशासन दिन नसकेको बताए । महासचिव पोखरेलले गठबन्धन सरकार पूर्णरुपमा असक्षम र असफल सावित भएको दाबी गरे । उनले एमाले सरकारमा रहँदा अघि बढाएको विकास निर्माणका कामले अहिले गति लिन नसकेको बताए । उनले भने, 'वर्तमान सरकार खर्च जुटाउने कुरामा पनि असफल रहेको छ, विकासको खर्चसमेत हुनसकेको छैन, जसले जनतालाई वर्तमान सरकारले निरासा मात्रै देखिएको छ, कुनै आशा र भरोसा दिएको छैन ।'

महासचिव पोखरेलले अहिलेको सरकारले शिक्षक, कर्मचारीको पारिश्रमिक आन्तरिक ऋण उठाएर खुवाउनुपर्ने अवस्था सिर्जना गरेको बताए । उनले पुँजीगत खर्च इतिहासकै अत्यन्त कमजोर अवस्थामा रहेको र पुँजीगत खर्च भविष्यमा देश कस्तो बन्छ भन्ने कुराको आधार भएको समेत बताए ।

महासचिव पोखरेलले मन्त्री दोषी ठहर हुँदासमेत राजीनामा नदिएको भन्दै आपत्ति जनाए । एमालेका लागि राष्ट्रिय सभा अध्यक्षमा उम्मेदवारी दिने विषय चासोको विषय नरहेको बताए । उनले अहिले गठबन्धनसँग बहुमत रहेकाले यसमा आफूहरुको कुनै चासो नरहेको र सरकारले सहयोगसमेत नमागेका कारण यसमा एमालेले कस्तो भूमिका खेल्ने भन्ने विषयमा पछि छलफल गरिने बताए । पोखरेलले वर्तमान सरकार जनतालाई बोझ बनिरहेको बताए ।

## तीन वर्षभित्र तराई मधेश द्रुतमार्ग

**मधेशदृष्टि**
**काठमाडौँ ।**
उपप्रधानमन्त्री एवम् रक्षामन्त्री पूर्णबहादुर खड्काले काठमाडौँ–तराई मधेश द्रुतमार्ग २०८३ चैत मसान्तभित्र निर्माण पूरा हुने दाबी गरेका छन् । राष्ट्रियसभाको शुक्रबारको बैठकमा उनले आयोजना निर्माण कोरोनाका कारण प्रभावित भए पनि सरकारले तय गरेको समयभित्रै पूरा हुने उल्लेख गरे ।

'आयोजना जुन गतिका साथ अगाडि बढ्नुपर्ने थियो, त्यसो हुन सकेन,' खड्काले भने, 'लागत नबढ्ने गरी प्रक्रिया अगाडि बढाइएको छ ।' खोकनामा देखिएको समस्या समाधानका लागि आवश्यक अध्ययन भइरहेको जनाउँदै उनले विभिन्न विकल्पमा छलफल जारी रहेको बताउ ।

उनले नेपाली सेनाको कल्याणकारी कोषमार्फत हेटौँडा कपडा कारखाना सञ्चालनका लागि प्राविधिक टोलीले गरेको अध्ययन प्रतिवेदन प्रधानमन्त्रीसमक्ष पेस भएको र प्रतिवेदन अध्ययनको क्रममा रहेको बताए । यसबारेमा आवश्यक निर्णय नभएकाले अहिले नै यस्तो हुन्छ भन्ने ठाउँमा नपुगेको उनले उल्लेख गरे ।

सेना, सरकार र अदालतप्रति नकारात्मक टिप्पणी गर्ने प्रवृत्ति बढेकामा उनले आपत्ति प्रकट गरे । 'सरकार, सेना र अदालतलाई आक्रमण गरेर, तथ्यहीन सूचना र समाचार सम्प्रेषण गरेर मात्र विकास हुने होइन । यी निकायमा समस्या नै छैन भन्ने मेरो जिकिर पनि होएन । यी संस्था हामी नागरिकको साझा सम्पत्ति हुन् । ती निकायमा रहेको कमीकमजोरी सुधार गर्न नागरिकको रचनात्मक भूमिका जरुरी हुन्छ,' खड्काले भने ।

सरकारले 'सैनिक ऐन, २०६३' लाई संशोधन गरेर समयानुकूल बनाउन लागिपरेको उपप्रधानमन्त्री खड्काले जानकारी दिए । सरोकारवालासँग आवश्यक छलफल गरी संशोधन मस्यौदा अगाडि बढाइएको भन्दै सङ्घीय संसद्को चालु अधिवेशनको संसद्मा ऐन पेस गर्ने तयारी भइरहेको उनले जानकारी दिए ।

सरकार मौलिक हक कार्यान्वयनका लागि आवश्यक कानुन निर्माण गर्ने कार्यमा क्रियाशील रहेको उपप्रधानमन्त्री एवम् रक्षामन्त्री खड्काले उल्लेख गरे ।

## बैंकिङ क्षेत्र किन त्रसित र भयभित छ ?

**मधेशदृष्टि**
**काठमाडौँ ।**
बैंक तथा वित्तीय संस्था परिसङ्घ नेपाल (सिबिफिन) ले कर्जा दुरुपयोगको विषयलाई लिएर बैंकका कर्मचारी पक्राउ पर्दा समग्र बैंकिङ क्षेत्र त्रसित र भयभित बन्न पुगेको बताएको छ । सिबिफिनले शुक्रबार प्रेस विज्ञप्ति जारी गर्दै धितो र कर्जा प्रवाहका विषयमा प्रचलित नियम तथा अन्तर्राष्ट्रिय बैंकिङ अभ्यासबारे गहिरो अध्ययन एवम् जानकारीबिनै बैंकरमाथि धरपकड भएको आरोप लगाएको छ ।

'धितो र कर्जा प्रवाहका विषयमा सतही जानकारीका आधारमा कुनै पेसाकर्मीलाई दोषी करार भए जसरी नै नियन्त्रण लिइनुले समग्र बैंकिङ क्षेत्र त्रसित र भयभित बनेको छ भने समग्र लगानीकर्ता समेत सोचमग्न बनेका छन्,' परिसङ्घले विज्ञप्तिमार्फत भनेको छ, 'समग्र अर्थतन्त्रमा नै महत्वपूर्ण टेवा पु¥याइरहेका बैंकिङ क्षेत्रका कर्मचारीमा परेको मनोवैज्ञानिक सन्त्रासले भोलि राष्ट्रकै भविष्यमा पर्ने असरप्रति गम्भीर बनिदिन आग्रह गर्दछौँ ।'

बैंक तथा वित्तीय संस्थाका गतिविधि नियामक नेपाल राष्ट्र बैंकको सुक्ष्म निगरानीमा रहने हुँदा बैंकभित्र कुनै पनि बदमासी भए तत्काल राष्ट्र बैंकले कारबाही गर्ने गरेको सिबिफिनको दाबी छ । 'कर्जा प्रवाह गर्दा व्यक्तिगत लाभ हुने र बैंकलाई नोक्सानी हुने गरी

## 'अर्थतन्त्रका सूचक सकारात्मक छन्'

**बागलुङ ।**
नेपाल सरकारका अर्थमन्त्री डा. प्रकाशशरण महतले देशको अर्थतन्त्र विस्तारै लयमा फर्किन थालेको बताएका छन् । उनले आफूलाई नभई देश र जनताको लागि मात्रै सोचेर काम गरेको बताउँदै अर्थतन्त्रको दीर्घकालीन सुधारमा लागेको बताए ।

नेपाली कांग्रेस बागलुङले गरेको कार्यकर्ता भेटघाटमा अर्थमन्त्री महतले नेपालमा सूचना प्रविधि, पर्यटन र जलविद्युत्मा अथाह सम्भावना रहेको बताउँदै रोजगारी सिर्जना गर्नेतर्फ सरकारको ध्यान गइरहेको जानकारी दिए । उनले वर्तमान सरकारले अर्थतन्त्रलाई विस्तारै लयमा फर्काएको सूचकले देखाउन थालेको बताए ।

'म सरकारमा आउँदा आठ प्रतिशत मूल्यवृद्धि थियो, ब्याजदर १६ प्रतिशत थियो, अधिकांश



लगानी जग्गा र शेयरमा गरेकाले प्रतिफल नआउँदा समस्या भयो, आर्थिक सुनिश्चितता नहुँदै धेरै योजना ल्याएका थिए, सहकारीलाई लुट्ने माध्यम बनाउन थालिएको थियो,' उनले भने, 'तर अहिले ब्याजदर एक अङ्कमा ल्याउन थालिएको छ, आर्थिक वृद्धिदर बढ्न थालेको छ, रातारात आर्थिक सुधार नहुने भएकाले विस्तारै अर्थतन्त्र सुधारोन्मुख भएको छ ।'

वर्तमान सरकार आर्थिक दायित्व भुक्तानी गर्दागर्दै अहिलेको सरकार हैरान परेको अर्थमन्त्री महतले बताए । अहिलेको सरकारले तीन करोडभन्दा तलको योजना केन्द्र सरकारले नगरेर प्रदेश सरकारमा पठाउने उनको भनाइ छ ।

अघिल्लो सरकारले हचुवाका भरमा धेरै योजना ल्याउँदा दायित्व भुक्तानी गर्न असहज भएको उनको भनाइ छ । नेपाली कांग्रेसका प्रवक्तासमेत रहेमन अर्थमन्त्री महतले भावनाले राजनीति नचल्ने भन्दै राजनीतिक पार्टी भनेको सरकार चलाउने र समृद्धि ल्याउने गरी स्थापना भएको बताए ।



# काठमाडौँमा महानगरको आतंकः साह



**मधेशदृष्टि**
**वीरगंज ।** आम जनता पार्टीका अध्यक्ष तथा सांसद प्रभु साहले काठमाडौँमा महानगरको आतंक मच्चिएको टिप्पणी गरेका छन् । प्रतिनिधिसभाको शुक्रबारको बैठकमा बोल्दै साहले यस्तो बताएका हुन् ।

उनले भने, 'काठमाडौँमा महानगरको आतंक चलेको छ । सडकमै स्वरोजगार मजदुर कुटिन्छन् । कवाड व्यवसायीको डोजर जलाइएको छ । कतै सुकुम्बासीलाई आतंकित बनाइएको छ । महानगरपालिकामाथि कानुन लाग्छ कि लाग्दैन ? यदि लाग्छ भने सरकारले महानगरपालिकालाई नियमन गरोस् ।'

उनले कवाड व्यवसायी महानगरबाट आतंकित भएको बताए । 'उनीहरु असुरक्षित छन्, उनीहरु त्रसित छन्, हरेक व्यक्तिले व्यापार तथा व्यवसाय गर्न पाउँछन्, यो उसको संवैधानिक हक हो । त्यसको रक्षा राज्यले गर्ने हो कि होईन ?' उनले कवाड व्यवसायीको सुरक्षाको प्रत्याभूति गर्न गृहमन्त्रालयको ध्यानाकर्षण गराए । कसैलाई पनि गैरकानुनी ढंगले आफ्नो पेशा तथा व्यवसायबाट वञ्चित गर्न नमिल्ने उनको तर्क छ । उनले थपे, 'आज काठमाडौँ महानगरपालिकाले कवाड व्यवसायीलाई मनोमानी ढंगले आतंक सिर्जना गरेर दुःख दिने काम गरेको छ । जबर्जस्ती भगाउने काम भएको छ । लाखौँलाई बेरोजगार बनाउने प्रयास भएको छ ।'

# पैँतीस तोला सुन र ११ लाखसहित एक पक्राउ

**रासस**
**पर्वत ।** विभिन्न जिल्लामा शृंखलाबद्ध रुपमा चोरी गर्ने एक युवालाई यहाँबाट प्रहरीले पक्राउ गरेको छ । रोल्पाको रोल्पा नगरपालिका–१ का ३३ वर्षीय भरत परियार पर्वतको कुश्मा नगरपालिका–९ कटुवाचौपारीबाट बिहीबार राति २ बजे प्रहरीले पक्राउ गरेको हो । स्थानीय शर्मिला पौडेलले सञ्चालन गर्दै आएको आशिक एन्ड आशिका किराना पसलबाट १० लाख १७ हजार रुपैयाँ नगद, १२ हजार रुपैयाँ बराबरको रिचार्ज कार्ड, चोरी गर्दै गर्दा स्थानीयले प्रहरीलाई खबर गरेपछि जिल्ला प्रहरी कार्यालयबाट पुगेको प्रहरी नायब उपरीक्षक खुमलाल भुसालको टोलीले पक्राउ गरेको हो । उनका साथबाट प्रहरीले ३५ तोला ७२ लाल सुन, ११ लाख १५ हजार चार सय ८५ रुपैयाँ नगद, नेपाल टेलिकम र एनसेलका ४२ थान रिचार्ज कार्ड बरामद गरेको छ । जिल्ला प्रहरी कार्यालयले आज पत्रकार सम्मेलन गरी चोरीमा संलग्न व्यक्ति र बरामद गरिएका सामान सार्वजनिक गरेको हो । जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब उपरीक्षक खुमलाल भुसालका अनुसार चोरी गर्ने व्यक्तिबाट दुई थान मोबाइल, नेपालको नक्सा एक थान, नेपालको सडकको नक्सा एक थान, हसिया एक थान, निजको नागरिकता, वायरलेस सिसी टिभी क्यामेरा एक थान, हार्डडिस्क एक थान र एलइडी मनिटर एक थान बरामद गरिएको छ । त्यसैगरी चोरी गर्न प्रयोग गरिएको ह्याम्मर, स्क्रुड्राइभर, जीआई पाइप, टर्च विभिन्न चाबीका झुप्पाहरु, चोरी गर्दा प्रयोग गरिने बालक्ल्याप, पञ्जा, पावरबैङ्क, डिजिटल तौल मेसिन बरामद गरिएको छ । अभियुक्त परियार यसअघि २०६९ सालमा प्रहरी वृत्त नयाँ बानेश्वरमा चोरी मुद्दामा चार वर्ष कैद भुक्तान गरी २०७३ सालमा छुटेको पाइएको छ । सुरुमा केन्द्रीय कारागार काठमाडौँ र पछि झुम्का कारागार सुनसरीमा बसेको तथा त्यहाँ बस्दा आपराधिक व्यक्तिसँग सम्पर्क बढाई जेलबाट छुटिसकेपछि गिरोहको रुपमा चोरी गर्न थालेको बयान परियारले प्रहरीलाई दिएको छ । परियारलाई शुक्रबार नै जिल्ला अदालतमा चोरीसम्बन्धी कसुरमा मुद्दा दर्ता गरी १० दिनको म्याद लिएर अनुसन्धान कार्य सुरु गरिएको प्रहरी नायब उपरीक्षक भुसालले जानकारी दिए ।

# एक सय १८ औषधि पसल मापदण्डविपरीत

**रासस**
**काठमाडौँ ।** काठमाडौँ महानगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका ११८ औषधि पसलले आधारभूत मापदण्डसमेत पालन नगरेको जनाएको छ । कामपा स्वास्थ्य विभागले गत असोज २१ गतेदेखि औषधि पसलको अनुगमन थालेको थियो । अहिलेसम्मा वडा नं १, २ र ३ का अधिकांश र अन्य वडामा गरिएको अनुगमनका क्रममा उक्त संख्या ११८ औषधि पसलले आधारभूत मापदण्डसमेत पालन नगरेको पाइएको विभागले जनाएको छ । वडा नं १४ कलङ्कीमा सञ्चालित मिसन फार्मेसीले फ्रिज नचलाइ खोप भण्डारण गरेको पाइएको थियो । यसरी भेटाएका तीन प्याकेट (३० वटा) एन्टिरेबिज भ्याक्सिन, टिटी खोप नौ थान र तीन थान इन्सुलिन जफत गरिएको विभागका निमित्त प्रमुख सजिना महर्जनले जानकारी दिए । अनुगमनका क्रममा औषधि राख्ने फ्रिजमा 'कोल्ड चेन' कुनैमा पनि नभेटिएकाले त्यस्ता औषधि पसलमा कुनै पनि खोप नलगाउन नागरिकलाई आग्रह गरिएको कामपाको उपप्रमुख एवं अनुगमन समितिकी संयोजक सुनिता डङ्गोलले बताइन् । 'औषधि पसलले, फ्रिज तथा खोप भण्डारण गर्ने कक्षमा आवश्यक पर्ने तापक्रम नमिलाउनु गम्भीर लापरवाही हो । जनस्वास्थ्यका दृष्टिले यो चरम गल्ती हो' उनले भनिन, 'यस्ता ठाउँमा सुधारको मौका दिन सकिँदैन ।' औषधि पसल दर्ता गर्दा एउटाको नाममा प्रमाणपत्र छ । पसलमा अर्कै व्यक्ति बसेको पनि भेटिएको डङ्गोलले जानकारी दिइन् । उनका अनुसार केही प्रतिनिधि पसलबाहेक धेरैमा समस्या देखिएको छ । कामपाले गत मङ्सिरमा आफ्नो क्षेत्रभित्र सञ्चालित औषधि पसललाई प्रचलित व्यवस्थाअनुसार कानुनी दायरामा आउनका लागि सार्वजनिक सूचनामार्फत आग्रह गरेको थियो । सूचनाको व्यवस्था गरेको भन्दै कामपाले अनुगमन सुरु गरेको हो । उक्त अवस्थामा सुधार नगर्नेलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (झ) ९, महानगरपालिका जनस्वास्थ्य ऐन, २०८० को दफा ५३ अनुसार कारबाही गरिने जनाइएको छ । औषधि पसल सञ्चालन हुनका लागि पहिलो कामपामा अनुमति लिनुपर्ने हुन्छ । फार्मेसी पढेकाले मात्रै औषधि पसल सञ्चालन र बिक्रीवितरण गर्नुपाउने कानुनी मान्यता छ । हाल कामपामा दुई हजार छ सय औषधि पसल सञ्चालनमा रहेका छन् । औषधि पसलको यो प्रवृत्तिमा तत्काल सुधारको खाँचो रहेको बताउँदै कामपाले गत असोजदेखि नियमित अनुगमन गरिरहेको छ । अनुगमनका क्रममा समस्या देखिएका पसललाई कारबाहीको दायरामा ल्याइने कामपाको भनाइ छ ।

# सम्पत्ति शुद्धीकरण विधेयक पारित

**रासस**
**काठमाडौँ ।** राष्ट्रियसभाको बैठकले प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त 'सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवद्र्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०८०' पारित गरेको छ । शुक्रबारको बैठकमा कानुन, न्याय तथा संसदीयमा मामिलामन्त्री धनराज गुरुङले सो विधेयक सभामा पेस गरेका थिए । विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त भएको सो विधेयकमाथि त्यसअघि छलफल भएको थियो । छलफलमा सांसदहरु रमेशजङ्ग रायमाझी र भैरवसुन्दर श्रेष्ठले आफनो धारणा राखेका थिए । त्यस्तै, बैठकले राष्ट्रियसभा (दोस्रो संशोधन) नियमावली, २०८० पारित गरेको छ । समितिका सभापति सुरेशकुमार आलेमगरले सो प्रस्ताव पेस गरेका थिए । त्यसमाथि सांसदहरु प्रकाश पन्थ, भुवनबहादुर सुनार, रमेशजंग रायमाझी, कमला पन्त, डा विमला राई पौडेल, जितेन्द्रनारायण देव, भैरवसुन्दर श्रेष्ठ, खिमलाल देवकोटा, विमला घिमिरे र गोपीबहादुर सार्की अछामीले आफ्नो धारणा राखेका थिए । लुम्बिनी प्रदेशबाट प्रतिनिधित्व गर्ने सभामा सदस्यकोतर्फबाट 'निर्वाचन क्षेत्र (प्रदेश) विकास निर्माण, शान्ति सुव्यवस्थालगायत कार्यहरुको अनुगमन, निरीक्षण र मूल्याङ्कनको प्रतिवेदन, २०८० सभासमक्ष पेस गरे । दिगो विकास तथा सुशासन समितिका सभापति प्रकाश पन्थले 'नेपालमा दिगो विकास लक्ष्य कार्यान्वयन स्थिति अध्ययन तथा मूल्याङ्कन प्रतिवेदन, २०८० सभासमक्ष पेस गरे । त्यस्तै, विधायन व्यवस्थापन समितिका सभापति जयन्तीदेवी राईले 'खाद्य अधिकार तथा खाद्य सम्प्रभूतासम्बन्धी ऐन, २०७५ को दफा १९ को कार्यान्वयन मापन प्रतिवेदन, २०८० सभामा पेस गरेकी थिइन् ।




# ऊर्जा क्षेत्रमा लगानी बढाउन प्राधिकरणको आग्रह



**रासस**
**काठमाडौँ ।** नेपाल विद्युत् प्राधिकरणले ऊर्जा क्षेत्रमा सहायता बढाउन नेपालका अन्तर्राष्ट्रिय विकास साझेदारलाई आग्रह गरेको छ । नेपाललाई सहायता उपलब्ध गराउँदै आएका स्वीट्जरल्याण्ड, बेलायत, अमेरिका, युरोपेली सङ्घ, विश्व बैंक र एसियाली विकास बैंकलाई नेपालको विद्युत् उत्पादन, प्रसारण, वितरण, विस्तार र सुधारका लागि ठूलो लगानी आवश्यक पर्ने भएकाले प्राधिकरणले सहायता बढाउन आग्रह गरेको छ ।

स्वीट्जरल्याण्डका राजदूत ड्यानियल मिउली, विश्व बैंकका नेपाल, माल्दिभ्स तथा श्रीलङ्का हेर्ने देशीय निर्देशक फारिस हदाद जार्भोस, एसियाली विकास बैंक (एडिबी), नेपाल आवासीय नियोगका निर्देशक आर्नोड कुस्वा, युरोपेली सङ्घ, अमेरिकी सहायता नियोगलगायतका विकास साझेदारका प्रतिनिधिहरु सम्मिलित टोलीले नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)को सुनवल नगरपालिका–१३ सूर्यवस्तीस्थित २२० केभी नयाँ बुटवल सबस्टेसनको शुक्रबार अनुगमन भ्रमण गरेको थियो ।

नेपाल सरकार तथा प्राधिकरणको लगानी र एडिबीको सहुलितपूर्ण ऋणमा कालीगण्डकी करिडोर २२० केभी प्रसारण लाइन आयोजनाअन्तर्गत नयाँ बुटवल सबस्टेसन निर्माण गरिएको हो । उक्त सबस्टेसनको अनुगमन भ्रमणमा पुगेको टोलीलाई प्राधिकरणले ऊर्जा क्षेत्रमा सहायता बढाउन आग्रह गरेको हो । नेपालको ऊर्जा क्षेत्रमा हासिल भएका उपलब्धीको प्रशंसा गर्दै टोलीले थप लगानी बढाउने प्रतिबद्धता जनाएको थियो । नेपालमा जलविद्युत् उत्पादन, प्रसारण वितरणको अवस्था र भारत तथा बङ्गलादेशसँगको विद्युत् निर्यातका विषयमा जानकारी दिँदै प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले आगामी पाँच÷छ वर्षमा करिब १३ अर्ब अमेरिकी डलरभन्दा बढी लगानी आवश्यक रहेको बताए ।

'विद्युत् उत्पादन बढाउन र प्रणालीको विस्तार तथा सुदृढीकरणका लागि आगामी आगामी पाँच÷छ वर्षमा विद्युत् उत्पादनतर्फ छ अर्ब डलर, प्रसारणतर्फ पाँच अर्ब र वितरणतर्फ दुई अर्ब डलरभन्दा बढी चाहिन्छ', कार्यकारी निर्देशक घिसिङले भने, 'देशभित्र विद्युत् खपत बढाउने हाम्रो प्राथमिकता हो । यहाँ खपत गरी बढी भएको विद्युत् मात्र छिमेकी देशमा निर्यात गर्ने हो । विद्युत् निर्यातका लागि पूर्वाधार संरचना निर्माणका लागि ठूलो लगानी आवश्यक छ । म विकास साझेदारहरुलाई लगानी बढाउन आग्रह गर्दछु ।'

विश्व बैंकका नेपाल, माल्दिभ्स तथा श्रीलङ्का हेर्ने देशीय निर्देशक फारिस हदाद जार्भोसले बैंकको नेतृत्वमा एक हजार ६३ मेगावाटको माथिल्लो अरुण जलविद्युत् आयोजनामा लगानी गर्ने विषय अन्तिम चरणमा पुगेको बताए । उनले आयोजना कार्यान्वयनका क्रममा वातावरणीय तथा सामाजिक सुरक्षणका व्यवस्था कार्यान्वयनमा विशेष ध्यान दिनुपर्नेमा जोड दिए । एडिबीका नेपाल आवासीय नियोगका निर्देशक आर्नोड कुस्वाले नेपालको ऊर्जा क्षेत्रमा विगत ५० वर्षदेखि साझेदारी गरिरहेको उल्लेख गर्दै बैंकको नेतृत्वमा छ सय ३५ मेगावाटको दुधकोशी जलाशययुक्त जलविद्युत् आयोजना सन् २०२४ भित्रमा वित्तीय व्यवस्थापन गर्ने गरी काम भइरहेको बताए । सो अनुगमन भ्रमण टोलीले सबस्टेसनको नियन्त्रण कक्षलगायतको जानकारी लिएको थियो । टोलीले विद्युत् प्रसारण र वितरणको अवस्थाका बारेमा पनि जानकारी लिएको थियो ।

कालीगण्डकी र यसका सहायक नदीहरुमा निर्माण हुने जलविद्युत् आयोजनाहरुको विद्युत् एकीकृत गरी राष्ट्रिय प्रणालीमा समाहित गर्न कालीगण्डकी करिडोर २२० केभी डबल सर्किट प्रसारण लाइन र तीन वटा सबस्टेसनहरुको निर्माण गरिएको हो । कालीगण्डकी करिडोर २२० केभी डबल सर्किट प्रसारण लाइन आयोजनाअन्तर्गत म्याग्दीको अन्नपूर्ण गाउँपालिका–३ दाना सबस्टेसनबाट सुरु भई पर्वत, बागलुङ, स्याङ्जा, पाल्पा, रुपन्देही हुँदै नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)को नयाँ बुटवल सबस्टेसनसम्मको करिब एक सय ३० किलोमिटर डबल सर्किट प्रसारण लाइन निर्माण गरिएको छ । प्रसारण लाइन करिब दुई हजार मेगावाट विद्युत् भार बोक्ने क्षमताको छ । नेपाल सरकार तथा प्राधिकरणको लगानी र एडिबीको एशिया उपक्षेत्रीय आर्थिक सहयोग (सासेक)अन्तर्गत विद्युत् प्रणाली विस्तार परियोजनाबाट प्राप्त सहुलियतपूर्ण ऋणमा कालीगण्डकी करिडोर प्रसारण लाइन आयोजना निर्माण गरिएको हो । भारतसँगको विद्युत् व्यापारका लागि नयाँ बुटवल–गोरखपुर ४०० केभी दोस्रो अन्तरदेशीय प्रसारण लाइन पनि निर्माण गर्न गरिँदैछ । देशभित्र खपत गरी अतिरिक्त भएको विद्युत् सोही प्रसारण लाइनमार्फत भारततर्फ निर्यात गरिने छ ।

# बैंकिङ क्षेत्र किन...

बदमासी गर्ने सम्बद्ध व्यक्तिहरुलाई प्रचलित कानुनअनुसार कारबाही हुनुपर्दछ र हुँदै आएको पनि छ,' विज्ञप्तिमा भनिएको छ, 'व्यावसायिक–व्यापारिक कर्जा, पूर्वाधार तथा विकास निर्माणको आयोजनामा ऋण लगानी गर्दा उक्त परियोजनाको सम्भाव्यता, लागत, परियोजनासँग रहेको धितोसम्पत्ति, मौज्दात, आसामीसँग लिनुपर्ने–उठाउनुपर्ने रकम र सम्भावित आम्दानीसम्मलाई मध्यनजर गरेर ऋण लगानी हुने गरेको तथ्य जगजाहेर नै छ ।'

बैंकिङ क्षेत्रमा कर्जा प्रदान, कर्जाको अवस्था हेरी सम्भावित जोखिम व्यवस्थापन र खराब कर्जा असुलउपर गर्ने कार्य गर्नु सामान्य बैंकिङ प्रक्रिया रहेको हुँदा असल नियतबाट गरिएका कार्यलाई बेवास्ता गर्दै अनाहकमा कारबाहीको भागिदार बनाइनु न्यायसङ्गत नहुने सिबिफिनको तर्क छ । यस्ता कार्यले बैंकिङ क्षेत्रका कर्मचारीको सामाजिक जीवन र प्रतिष्ठामा मात्र नभई बिनाधितो वा परियोजना धितोमा कर्जा प्रवाहको अभ्यासमा समेत असर पर्ने उसले जनाएको छ ।

# मधेशको अस्तव्यस्त स्वास्थ्य अवस्था



वीरेन्द्र रमण

> *मधेश प्रदेशको राजधानी जनकपुरको सरकारी अस्पतालमा जनशक्तिको आभाव छ । धनुषा जिल्लामा एक सरकारी अस्पताल, एक सय ७२ स्वास्थ्य चौकी, तीन शहरी स्वास्थ्य चौकी, २२ नगर स्वास्थ्य केन्द्र छन् । सदरमुकामस्थित सरकारी अस्पतालमा ४७ जना विशेषज्ञको दरबन्दीमा २६ जनाको दरबन्दी रिक्त छ ।*

मधेश प्रदेश सरकारले आफनो रहेक नीति तथा कार्यक्रममा स्वास्थ्य क्षेत्रको सुधारको कुरा प्रमुखकताको साथ उल्लेख गर्ने गरेको छ, तर स्वास्थ्य क्षेत्रमा सुधार भने आउन सकेको छैन । मधेश प्रदेशमा रहेको सरकारी अस्पतालहरुको चिकित्सकहरु समयमा नआउने आएपछि पूरा समय नबस्ने जस्ता समस्या देखिएका छन् । कतिपय जिल्लाहरुमा दरबन्दी अनुसारको चिकित्सक समेत नरहेको कारणले गर्दा समेत समस्या हुने गरिएको छ ।

मधेश सरकारले प्रत्येक स्वास्थ्य चौकीमा एकएकजना एमबीबीएस चिकित्सक राख्ने नीति ल्याएको थियो । यस वर्षको नीति तथा कार्यक्रममा 'स्वास्थ्य सुधार' योजनामा स्थानीय तहसँग समन्वय गरी सरकारी स्वास्थ्य संस्थामाथि कडा निगरानी गरिने पनि भनिएको थियो । ज्येष्ठ नागरिकहरूका लागि घर घरमा जाँचको नमुना संकलन कामसमेत गरिने भनिएको थियो । महोत्तरीको पिपरा गाउँपालिकालगायतका अन्य स्थापित स्वास्थ्य चौकी भवन बनी प्रयोगमा नभएकाले ती भवनमा मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तरगत सेटरलाइट अस्पतालको रूपमा सञ्चालन गरिने पनि योजनामा उल्लेख छ । धनुषाको नगराईन नगरपालिकामा बाल अस्पताल सञ्चालन गरिने भनिएको छ । प्रदेश सरकारले स्वास्थ्य क्षेत्रको सुधारको लागि आफनो नीति कार्यक्रमको विशेष प्रामथकतिमा राखेको जनाएको थियो ।

तर प्रदेशको सरकारी अस्पतालको समेत सेवा सुधार आउन सकेको छैन । जनसंख्या बढिरहेको अवस्थामा पुरानै दरबन्दीको आधारमा समेत स्वास्थ्य क्षेत्र चल्दै आएको कारणले गर्दा समेत यसमा सुधार अवस्था नआएको स्वास्थ्य क्षेत्रका जानकारहरु बताउँछन् । सरकारले यसमा सुधारको लागि समेत चासो देखाउन सकेको छैन । मधेश प्रदेशका अधिकांश सरकारी अस्पतालको अवस्था कहाली लाग्दो रहेको मानव अधिकारको क्षेत्रमा कार्यरत रहेको संस्था अनौपचारिक क्षेत्र सेवा केन्द्र(ईन्कसेक)ले जनाएको छ । मधेश प्रदेशको स्वास्थ्य क्षेत्रको विषयमा सो संस्थाले प्रकाशित गरेको नेपाल मानव अधिकार वर्ष पुस्तक २०२४ मा स्वास्थ्य क्षेत्रमा सुधार आएको भने देखाएको देखिदैन ।

मधेश प्रदेशको राजधानी रहेको जनकपुरको सरकारी अस्पतालमा समेत दरबन्दी अनुसारले चिकित्सकको आभाव रहेको कारणले समस्या आएको छ । अर्कोतर्फ सरकारले संचालन गरेको बीमा कार्यक्रमबाट समेत सर्वसधारणहरु त्यती लाभ लिन सकेको छैन । सरकारले सरकारी अस्पतालहरुमा आवश्यक जनशक्ति नथपेको कारणले समेत समस्या आइरहेको छ । जनशक्तिको आभावमा स्वास्थ्य क्षेत्रबाट सर्वसधारणहरु लाभ लिन सकेका छैन भने उपचारको लागि बाहिर धाउनुपर्ने बाध्यता रहेको छ ।

मधेश प्रदेशको राजधानी जनकपुरको सरकारी अस्पतालमा जनशक्तिको आभाव देखिएको छ । धनुषा जिल्लामा एक सरकारी अस्पताल, १ सय ७२ स्वास्थ्य चौकी, तीन शहरी स्वास्थ्य चौकी, २२ नगर स्वास्थ्य केन्द्र छन् । सदरमुकामस्थित सरकारी अस्पतालमा ४७ जना विशेषज्ञको दरबन्दीमा २६ जनाको दरबन्दी रिक्त छ । जिल्लामा ६ हजार ४ सय जनाले बीमा गराएर सेवा लिइरहेका छन् । ज्येष्ठ नागरिकका लागि निःशुल्क बीमा कार्यक्रममा १ सय ७७ जनाको बीमा गरिएको छ ।

त्यसैगरी सप्तरी जिल्लाको स्वास्थ्य क्षेत्रको अवस्था समेत कहालीलाग्दो रहेको छ । जिल्लामा राजविराज, हनुमाननगर कङ्कालिनी, कञ्चनरूप, खडक, बोदेबर्साइन, सुरुङ्गा नगरपालिका र रूपनी गाउँपालिकामा गरी सात सरकारी अस्पताल छन् । जिल्लामा १३ हजार ३ सय ५८ नयाँ परिवार सख्यासहित ३६ हजार ७ सय ६६ परिवारले स्वास्थ्य बीमा गरेको स्वास्थ्य बीमा बोर्ड, सप्तरीका जिल्ला संयोजक नागेश्वर महतोले जानकारी दिए । पुरानामध्ये ५ हजार २ सय ८७ जनाले बीमा नवीकरण गराए ।

त्यसैगरि सिरहा जिल्लाको सरकारी अस्पतालको समेत अवस्था चिन्ताजनक रहेको छ । जिल्लामा दुई सरकारी अस्पताल, चार सामुदायिक अस्पताल, १ सय २ स्वास्थ्य चौकी, दुई प्राथमिक स्वास्थ्य केन्द्र र ३० आधारभूत स्वास्थ्य केन्द्र छन् । सदरमुकामस्थित सरकारी अस्पतालमा नौ जना विशेषज्ञको दरबन्दीमा दुई जनाको दरबन्दी रिक्त छ । जिल्लामा ४ हजार जनाले बीमा गराएर सेवा लिइरहेका छन् । ज्येष्ठ नागरिकका लागि निःशुल्क बीमा कार्यक्रममा २ हजार १ सय ३१ जनाको बीमा गरिएको छ । जिल्लाको जनसख्याको आधारमा स्वास्थ्य केन्द्र र डाक्टर अपुग रहेको स्वास्थ्य बीमा कार्यालयका अधिकृत पशुपति चौधरीले बताए ।

महोत्तरी जिल्लाको स्वास्थ्य क्षेत्र उस्तै रहेको छ । जिल्लामा तीन सरकारी अस्पताल, दुई सामुदायिक अस्पताल, ७८ स्वास्थ्य चौकी, चार प्राथमिक स्वास्थ्य केन्द्र, ५८ आधारभूत स्वास्थ्य सेवा केन्द्र, दुई सामाजिक स्वास्थ्य एकाइ, ६८ सहरी स्वास्थ्य केन्द्र र आठ नगर स्वास्थ्य केन्द्र रहेको जिल्ला स्वास्थ्य कार्यालय महोत्तरीकी प्रमुख सुनीता गुप्ताले बताइन् । जिल्लामा १ हजार ९ सय ८४ जनाले बीमा गराएर सेवा लिइरहेका छन् । प्रादेशिक अस्पताल जलेश्वरमा रहेको पाँच बेडको भेण्टिलेटरसहितको आइसीयु, मिर्गौला रोगीहरूलाई आवश्यक पर्ने डायलासिस, ब्लड बैङ्कलगायतका सेवाहरू उपलब्ध रहे पनि जनशक्ति अभावले सुचारु हुन सकेको छैन ।

सर्लाही जिल्लाको सरकारी अस्पतालमा समेत दरबन्दी अनुसारको चिकित्सकको आभाव देखिएको छ । जिल्लामा एक सरकारी अस्पताल, दुई सामुदायिक अस्पताल, ९४ स्वास्थ्य चौकी, पाँच प्राथमिक स्वास्थ्य केन्द्र, २० नगर स्वास्थ्य केन्द्र, आधारभुत स्वास्थ्य केन्द्र÷सामुदायिक स्वास्थ्य केन्द्र ८३ तथा खोप केन्द्र ५ सय १२ गरी ७ सय १५ रहेका छन् । सदरमुकामस्थित सरकारी अस्पतालमा चार जना विशेषज्ञको दरबन्दीमा एक जनाको दरबन्दी ०८० जेठदेखि रिक्त छ । जिल्लामा १ हजार १ सय ५ जनाले बीमा गराएर सेवा लिइरहेका छन् ।

रौतहट जिल्लामा दुई ओटा सरकारी अस्पताल, चार ओटा सामुदायिक अस्पताल, ९६ ओटा स्वास्थ्य चौकी, चार ओटा नगर स्वास्थ्य केन्द्र छन् । जिल्लामा ९ सय २९ जनाले बीमा गराएर सेवा लिइरहेका छन् । ज्येष्ठ नागरिकको हकमा एकीन तथ्याङ्क नरहेको अस्पतालका व्यवस्थापक अफरोज अख्तरले बताए ।

सबै भन्दा स्वास्थ्य क्षेत्रको अवस्था नाजुक बारा जिल्लामा रहेको छ । जिल्लामा एउटा सरकारी अस्पताल, दुई ओटा सामुदायिक अस्पताल, ९४ स्वास्थ्य चौकी र पाँच प्राथमिक स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा नौ जना विशेषज्ञको दरबन्दीमा पाँच जनाको दरबन्दी ०७७ सालदेखि रिक्त छन्। जिल्लामा ६ हजार ९ सय ४ जनाले बीमा गराएर सेवा लिइरहेका छन् । मधेश प्रदेशको आर्थिक राजधानीको रुपमा परिचित रहेको विरगंजको स्वास्थ्य क्षेत्रको अवस्था समेत खासै सुधार उन्मुख भने देखिएको छैन ।

जिल्लामा दुई सरकारी अस्पताल, ७९ ओटा स्वास्थ्य चौकी, तीन प्राथमिक स्वास्थ्य केन्द्र र चार नगर स्वास्थ्य केन्द्र छन् । सदरमुकामस्थित सरकारी अस्पतालमा ५९ जना विशेषज्ञको दरबन्दीमा २१ जनाको दरबन्दी रिक्त छ ।

# 'चरीमाई' हरुको आवाज बोल्ने कोसिस



श्याम रिमाल




**काठमाडौँ ।**

कथा, कविता, गीत, हाइकु र मुक्तक लेख्दै आइरहेका अञ्जना पौडेल पहिलो पटक 'चरीमाई' (इन्डिगो इन्क प्रालि, २०८० वैशाख) उपन्यासका साथ देखा परेकी छन् । मानवशास्त्रमा विद्यावारिधि गरिरहेकी उनी सोही विषयमा केन्द्रित भएर आख्यानात्मक चौथो कृति प्रकाशन गर्न सक्षम भएको हुनुपर्छ । लमजुङ माइत भएर पनि नुवाकोट पूर्वी भागको परिवेश राखेर लेखकले बेचबिखनमा परेका सीमान्तकृत चेलीहरूको सामूहिक स्वर अभिव्यक्त गरेको प्रस्तुत 'चरीमाई' नेपालका 'चरीमाईहरूप्रति' नै समर्पित छ ।

उपन्यासको कथा सरल छः छोरी जन्मँदा खुसी हुने नुवाकोटको कुनै गाउँको परिवारमा जन्मेकी चरीमाईलाई उनका बाबुले १४ वर्षका उमेरमै गाउँकै २५ बर्से केटा कमानसिंहसँग उनको इच्छाविपरीत जबर्जस्ती बिहे गराइदिन्छन् । उनको पतिले उनलाई काठमाडौँमा व्यापार गर्ने भनी लगेरपछि औषधि खुवाई भारतको बम्बैमा बेचिदिन्छ । त्यहाँ उसलाई आफ्नै गाउँभन्दा परकी आफ्नै जातकी एक महिलाले आफूले चलाएको कोठीमा जबर्जस्ती धन्दामा लगाउँछिन् । त्यहाँ ऊ जस्तै दलालमार्फत बेचिएका अरू चेली पनि हुन्छन् ।

भारतमा १६ वर्षमुनिका लागि त्यस्तो काममा लगाउन नपाइने कानुन बने पनि त्यो लागू हुँदैन । पछि कोठीबाट बाहिर जान छुट दिने, ग्राहकले कोठीबाट बाहिर लग्ने क्रममा एक दिन भागेर उनी एक नेपाली चौकीदारका मद्दतबाट काठमाडौँ हुँदै गाउँ फर्किन्छिन् । तर त्यहाँ पनि उनका बाले बस्न दिँदैनन् ।

माइतबाट केही पर टहरो हालेर बसिरहेकी उनले बा र कुनै पार्टीको गाउँको अध्यक्ष भएको आफ्नो पतिविरुद्ध उजुरी दिँदा पनि प्रहरीचौकीले लिन मान्दैन । उल्टो उनलाई 'बम्बैमा केटी बेच्ने दलाल' भनेर आरोप लगाइन्छ, गाउँका नेता, वडाध्यक्ष र प्रहरीसमेतले घर छाडेर हिँड्न दबाब दिन्छन् ।

फर्केर माइती नजिकै मितिनीका घर आउँदा पनि त्यहाँका अज्र्याल बाजेले काठमाडौँ लगेर यौनशोषण गर्छन् । उनी गर्भवती हुन्छिन् । फलफूल बेच्ने तराईका रामलालले पनि उसैगरी बिहे गरेको बहाना बनाएर उनलाई वीरगन्ज लग्छ । त्यहाँ एक महिलाले उनलाई पहिलेकै बम्बैकी कोठी सञ्चालिकालाई बेचिदिन्छिन् ।

त्यहाँ उसले अज्र्याल बाजेका तर्फबाट 'गङ्गाजमुना' जन्माउँछिन्, तिनलाई पनि धन्दामै लगाउन विवश पारिन्छ ।

उनी फेरि गाउँ फर्की होटल व्यवसायमा लाग्छिन् । त्यहाँ उनको गाउँले जितबहादुरसँग विवाह भई एक छोरी जन्मन्छिन् । पछिल्लो लोग्नेको हत्या हुन्छ । बम्बैमा नै पु¥याइएकी गाउँकै शान्ति दिदी र उनले एक गैर सरकारी संस्थाको सहयोगमा दायर गरेको मुद्दाबाट नुवाकोट अदालतबाट कमानसिंहविरुद्ध जन्मकैदको फैसला हुन्छ तर तीन महिनापछि पुनरावेदन अदालतले बेकसुर रहेको आदेश दिन्छ ।

यो कथा उपन्यासकी नायिकाले अमेरिकामा विद्यावारिधि गर्न गएका र नुवाकोटमा अनुसन्धान गर्न आएका एक विद्यार्थी भूपेन्द्रलाई सुनाएकी हुन् र वक्ता तिनै हुन् । अब चरीमाई र उनकी कान्छी छोरी लता कमानसिंह जस्ता अपराधीलाई कारागार पुर्याउन सर्वोच्च अदालतमा मुद्दा हाल्ने तयारीमा छन् ।

उपन्यासको कथावस्तु खासै नौलो होइन, ग्रामीण भेग खासगरी बागमती प्रदेशका जिल्लामा चेलीबेटी बेचबिखनका थुप्रै घटना भएका छन् र अदालती प्रक्रियामा गएका छन् । तैपनि यदाकदा यस्ता घटना दोहोरिइरहेका छन् । उपन्यासकारले आन्तरिक पर्यटकका रूपमा घुम्दा र घटनाहरू नियाल्दा पाएको ज्ञानलाई यस कृतिका रूपमा उभ्याउनुभएको हो ।

आफ्ना छोरी, दिदीबहिनी, पत्नीलाई नै दलाल, धन्दा व्यवसायीलाई बेच्ने अमानवीय प्रवृत्ति र यौनधन्दामा जबर्जस्ती लाग्नुपर्ने चेलीको विवशतालाई उठाएर लेखिकाले त्यस्तो बेचबिखन बन्द गर्न, बेचिएकाहरूको सकुशल रिहाइ गर्न र समाजमा सम्मानित जीवन बाँच्न पाउनुपर्ने तिनको अधिकारबारे आवाज उठाउन गरेको प्रयत्न प्रशंसनीय छ ।

भूमिका लेखक कृष्ण धरावासीले घरेलु हिंसा, बलात्कार, बेचबिखन जस्ता कुरामा कानुन र समाजलाई खासै चासो नभएको र यस्तै चरित्र र महिला बेचबिखनमा पिल्सिएको समाजमा कृति केन्द्रित भएको जनाउँदै यस्ता विषयबारे राज्यलाई सम्झाउने काम यसमा गरिएको स्पष्ट गरेकी छन् ।

लेखिका–अनुसन्धाता पौडेल भन्छिन्, 'एउटा कालो पाटोलाई अलिकति च्यात्ने प्रयत्न मात्रै गरेकी हुँ । मलाई थाहा छ यो मैले एक्लै पार लाग्ने लडाइँ हुँदै होइन । तर पनि सबै चुप लाग्दा आवाजविहीनहरूका आवाज सधैँ दबिएर रहने रहेछ । मैले चरीमाईहरूको एउटा आवाज बोल्ने कोसिस मात्रै गरेकी हुँ ।'

कृतिमा कथा भन्ने शैली पुरानै छ । निकै प्रसङ्ग दोहोरिएका छन् र एकै वाक्यमा उही उही शब्द पनि धेरै परेका छन् ।

कथा वक्ता भूपेन्द्रका प्रसङ्ग अनावश्यक रूपले लम्बिएको हो कि भन्ने लाग्छ । एकै शब्दका पनि तीन–तीन वटा वर्णविन्यास (इसा, इशा, ईशा) देखिएका छन् भने अन्य त्रुटि (गोधिली, मस्जित, ब्याज, बसाइँ, दैनिकी) पनि बर्गेल्ती नै छन् । ठाउँ ठाउँमा नछुट्टिनुपर्ने दफाहरू पनि छुट्टिन पुगेका छन्, जुन प्राविधिक गल्ती हो ।

विद्यार्थीहरू वनभोज गएको स्थल नुवाकोटको झिल्टुङलाई मकवानपुरको टिस्टुङ उल्लेख गरेर लेखकले आफ्नो सामान्य ज्ञानको कमजोरी पनि प्रदर्शन गरेको छ । सबभन्दा आश्चर्य त २२४ पृष्ठको उपन्यासमा पात्रहरूबीच थुप्रै संवाद भए पनि अल्पविराम र उद्धरण चिह्न एकाध मात्र देखिनामा छ । उपन्यास लेखनले नौलो शैली र प्रस्तुति लिइरहेको वर्तमानावस्थामा युवा लेखकहरूले पनि मौलिक नयाँ शैलीको प्रयोग गर्दा नै यस विधामा उन्नति हुँदै जाने विश्वास गर्न सकिन्छ । रासस

# प्रविधिको प्रयोग र अपराध



**महेश कठायत**
maheshkathayat07@gmail.com

> "रिलेसन बसेपछि एकअर्कालाई सामाजिक सञ्जालको पासवर्ड सेयर गर्नु सामान्य भइसक्यो । यसरी सबैभन्दा गोप्य कुरा नै सेयर गरेपछि सम्बन्ध बिग्रँदा पीडितकै प्रोफाइलबाट अश्लील वा गोप्य कुराहरू सार्वजनिक गरिदिएर कतिपय अवस्थामा आत्महत्यासम्मको स्थितिमा पुग्ने गरेका छन् । इमेल, एसएमएसलगायत विद्युतीय सञ्चारमाध्यमबाट चिठ्ठा परेको भन्दै ठगी गर्ने घटना पनि उत्तिकै बढिरहेका छन् । यस्ता आपराधिक घटनाहरु समाजका लागि नै चुनौती बनिरहेका छन् ।"




विज्ञान प्रविधिका नयाँ–नयाँ आविष्कारको गति अनपेक्षित रुपमा बढ्दै गएको छ । बढ्दै गइरहेको प्रविधिको प्रयोगलाई मानिसले आफ्नो जीवनको महत्वपूर्ण हिस्सेदारी बनाउँदै लगेका छन् । प्रविधिको आविष्कार र प्रयोग मानव जगतका लागि महत्वपूर्ण उपलब्धी बन्नु आफैमा सुखद पाटो हो, जसले मानिसको दैनिकीमा व्यापक फेरबदल ल्याउन मद्दत गरेको छ ।

कुनै पनि कुराको आविष्कार आफैमा गलत भन्ने हुँदैन तर, त्यसको प्रयोग मानिसले कुन रुपमा गर्ने गरेको छ भन्ने कुरा महत्वपूर्ण हो । विकसित देशहरुमा सूचना प्रविधिको विकास र विस्तार तीब्र गतिमा भइरहेको भए पनि नेपाल जस्ता विकासन्मुख मुलुकहरुका लागि भने यसको विस्तारको गति पनि न्यून छ । भलै यसका पछाडि अशिक्षा, गरिबी जस्ता थुप्रै कारणहरु रहेका होलान् ।

## सामाजिक सञ्जालमार्फत अपराध

नेपालमा हुने गरेका साइबर अपराधका घटनाहरुमा सबैभन्दा बढी सामाजिक सञ्जालबाट हुने गरेको तथयाङ्कले पनि देखाएको छ । विशेषगरी, फेसबुक, एक्स, भाइबर, स्काईप, ह्वाट्एसप, इन्स्टाग्राम, इमो जस्ता सामाजिक सञ्जालबाट दैनिक दजनौ प्रयोगकर्ता पीडित भएर साइबर ब्यूरो पुग्ने गरेका छन् । अझ सार्वजनिक नभएको र सहेर बसेको पीडितको संख्या योभन्दा धेरै भएको हुन सक्ने अनुमान गर्न सकिन्छ । इन्टरनेटको प्रयोग गरेर ठगी गर्ने, ह्याकिङ गर्ने, व्यक्तिगत सूचना खुलासा गर्ने जस्ता गतिविधि विगत लामो समयदेखि विधमान रहेको छ ।

घटना सार्वजनिक भए परिवार, आफन्त र समाजबाट झन् बहिष्कृत हुने डरले धेरैजसो पीडित कानुनी उपचारमै जाँदैनन् । रिलेसन बसेपछि सामाजिक सञ्जालको पासवर्ड सेयर गर्ने गरिन्छ । सबभन्दा गोप्य कुरा नै सेयर गरेपछि सम्बन्ध बिग्रँदा पीडितकै प्रोफाइलबाट अश्लील वा गोप्य कुराहरू सार्वजनिक गरिदिएर कतिपय अवस्थामा आत्महत्यासम्मको स्थितिमा पुग्ने गरेका छन् । इमेल, एसएमएसलगायत विद्युतीय सञ्चारमाध्यमबाट चिठ्ठा परेको भन्दै ठगी गर्ने घटना पनि बढ्ने गरेका छन् । यस्ता आपराधिक घटनाले समाजलाई चुनौती बढाइदिएका छन् ।

## डिजिटल कारोबारसँगै जोखिम

प्रविधिको प्रयोगले मानिसका आवश्यकतालाई पूर्ति गर्न सहज बनाइदिने भए पनि प्रविधि आफैमा महंगो कुरा पनि हो । प्रविधिको लागत बढी हुँदा सीमित स्रोतसाधन र दक्ष जनशक्तिको अभाव पनि उत्तिकै छ । जसका कारण आम मानिस सूचना प्रविधिको प्रयोगमा अभ्यसत नहुन पनि सक्छन् । तर, पनि बढ्दो प्रविधिको उपभोगसँग वर्तमान युगमा कोही पनि अछुत रहन सक्दैन । अथार्थ कुनै पनि व्यक्ति आफैमा प्रविधिसँग नजोडिए पनि उसँग सम्बन्धित विषयहरु प्रविधिसँग जोडिएकै हुन्छन् । उदाहरणका लागि, यदि कुनै बैंक डिजिटल भुक्तानीसँग जोडिएको छ भने, बैंकका ग्राहक पनि बैंकको डिजिटल भुक्तानीसँग जोडिन पुग्छ । त्यसैले, पछिल्लो समय नेपाल मात्रै नभएर अन्तर्राष्ट्रियस्तरमै कागजरहित बैकिङ बहसको विषय बनिरहेको छ ।

तर, यही बेला विभिन्न वितुतीय कारोबारसँग सम्बन्धित अपराधको शृंखला पनि बढिरहेको छ । प्रविधिको दुरुपयोग गरी साइबर अपराधीहरुले कयौ व्यक्तिहरुलाई अनलाइनबाटै ठगी गरिरहेका घटनाहरु पनि अब नेपाली समाजका लागि कुनै नौलो विषय रहेनन् । मनी माइन्डेड साइबर अपराधीहरुको सिकार सर्वसाधारण नागरिकदेखि बैकिङ क्षेत्र नै भइरहेका छन् । वैकिङ्क प्रणालीबाट नै साइबर अपराधीले ठगी गरेका घटनाहरु पनि सामान्य भइसके । यस्तो अवस्थामा प्रविधिको न्यूनतम ज्ञान समेत नभएकाहरुका लागि डिजिटल कारोबार झनै जोखिम बन्न सक्ने निश्चित छ ।

ठूलो लगानी गरेर सुरक्षा प्रणालीको प्रयोग गरेको बैंक तथा वित्तीय संस्थामा हुन थालेको साइबर आक्रमणलाई रोक्न सक्नु आफैमा चुनौतीपूर्ण हो । केही वर्ष पहिले संघीय राजधानी काठमाडौँमै एक चिनियाँ ह्याकरहरुले एटीएम नै ह्याक गरी करोडौँ रकम झिकेको कुराले पनि बैकिङ प्रणालीको सुरक्षामाथि नै गम्भीर प्रश्न खडा गरिदिएको थियो । पछिल्लो समय त झन अनलाइन बैंकिङ, मोबाइल बैंकिङ, एसमएस बैंकिङका सुविधासँगै गम्भीर सुरक्षा चुनौती पनि बढ्न थालेको स्वमय यस क्षेत्रका विज्ञहरुले बताउँदै आएका छन् । विशेषगरी, उपभोक्तालई झुक्याएर विभिन्न प्रलोभन देखाई रकम असुल्ने आपराधिक गतिविधि बढिरहेका छन् । अपराधको लक्षित समूहभित्र पर्ने मुख्य निकाय भनेकै वित्तीय कारोबार गर्ने संघसंस्था नै हुन् । सरकारी अर्धसरकारी, गैरसरकारीमात्र होइन आर्थिक कारोबार गर्ने जुनसुकै निकाय पनि डिजिटल अपराधीको टार्गेट बन्न सक्छन् । यसैले यो अपराध रोक्न राज्यमात्र होइन सम्बन्धित संघसंस्था र निकायहरू आफैं पनि सचेत रहनुपर्छ । यसको निम्ति बलियो सुरक्षा उपाय सबैले अपनाउनुपर्छ ।

## चुनौती बन्दै साइबर अपराध

सूचना प्रविधिको विकाससँगै जोडिएर आएको विषय हो साइबर अपराध । साइबर अपराध प्रविधि प्रयोगकर्ताका लागि टाउको दुखाइको विषय बनिरहेको छ । सूचना प्रविधिले सञ्चार, व्यापार, शिक्षा, स्वास्थ्य मनोरञ्जन, सार्वजनिक सेवा प्रवाह जस्ता हरेक क्षेत्रलाई सहयोग गरिरहेको हुँदा नेपालमा पनि इन्टरनेटको प्रयोग बढेको पाइन्छ । प्रविधिको प्रयोगका अनेकौं फाइदाहरु व्यक्तिले उपभोग गर्दै आएका छन् । प्रायजसो, हरेकको हातमा स्मार्ट फोन नै पुगिसेको छ । मोबाइल ल्यापटप, कम्प्युटरजस्ता उपकरणले मानिसको दैनिकी सहज बनाइ दिएपछि यस्ता प्रविधिको प्रयोग आगामी दिनमा झनै बढ्ने देखिन्छ ।

प्रविधिको विकास र विस्तारले अस्वभाविक गती लिँदा मानिस पनि प्रविधिसँगै जोडिएका विषयहरुमा उत्तिकै जानकार बन्नुपर्ने हुन्छ । तर, प्रविधिको सही सदुपयोग गर्न नजान्दा कयौ मानिसहरु प्रविधिको दूरुपयोग मार्फत ठगीमा पर्ने गरेका छन् । स्वभाविक रुपमा प्रविधिको प्रयोग बढ्नु भनेको जोखिम बढ्नु पनि हो ।



कम्प्युटर तथा कम्प्युटर नेटवर्क प्रयोग गरेर हुने जुनसुकै प्रकारका अपराधलाई साइबर अपराधका रुपमा लिइन्छ । डिजिटल उपकरणहरू जस्तै कम्प्युटर, मोबाइल, तथा यसको नेटवर्कका माध्यमबाट हुने कुनै पनि प्रकारका अपराधिक कार्य साइबर अपराधका हुन् । इन्टरनेटको प्रयोगमार्फत् गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, इन्टरनेट फ्रड, अर्काको पहिचान अनधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड तथा एकाउन्ट आदिको चोरी गरी गरिने बैंकिक कसूर, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुर्याइने क्षतिलगायत गैरकानुनी कार्यलाई साइबर अपराध गरेको मानिन्छ ।

पछिल्लो समय नेपालको मात्रै कुरा गर्ने हो भने पनि साइबर अपराध सम्बन्धी उजुरीको संख्या बढ्दो छ । साइबरसँग सम्बन्धित आपराधिक गतिविधिमा वृद्धि हुँदै गएकाले व्यक्तिगत तथा संस्थागत विवरणहरूको गोपनीयता एवं तथ्याङ्क लगायतका सूचना प्रविधि प्रणालीको सुरक्षा गर्ने कार्य जटिल बन्दै गएको छ ।

साइबर सुरक्षाको लागि प्रभावकारी कानुनी व्यवस्था तथा संस्थागत संरचना, भौतिक तथा प्राविधिक पूर्वाधारको कमी, अनुसन्धान तथा दक्ष जनशक्तिको कमी, साइबर सुरक्षाका विषयमा सचेतना र पैरवी नहुनु, राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा साइबर सुरक्षा सम्बन्धी समन्वयको अभाव, सूचना प्रविधिको प्रयोग र यस बाट उत्पन्न, प्रविधिको विकास सँगसँगै डिजिटल साक्षरताका क्षेत्रमा राज्यको न्यून लगानी हुन आदि समस्याहरू रहेका छन् ।

विभिन्न फेक आइडी बनाएर सामाजिक सञ्जाल प्रयोग गरी गाली गर्ने, वेभसाइट ह्याक गर्ने, फोटो एडिट गरी स्वरूप परिर्वतन गर्ने, अश्लील फोटो, भिडियो पठाउने, सञ्जालमार्फत् जिस्काउने, अपमान गर्ने, कल बाइपास, गैह्रकानुनी इमेल, एसएमएस, धम्की दिने आदि जस्ता सबै कार्यलाई पनि साइबर अपराध मानिन्छ । विज्ञान र प्रविधिको विकाससगै अपराधको संसार पनि विकसित भएको छ । साइबर अपराध पनि विज्ञान र प्रविधिसँग जोडिएको अपराध हो ।

## प्रविधि र विज्ञताको अभाव

कानुन कार्यान्वयन गर्ने निकाय प्रहरीले अदालतमा बुझाउने प्रतिवेदनलाई आधारमान्दा साइबर फरेन्सिकको कोण हेर्न अदालतमा प्रहरीले बुझाउने प्रमाणलाई सही मान्न नमिल्ने तर्क विज्ञहरुले गरेका छन् । अदालतले साइबर फरेन्सिक इलेक्ट्रोनिक प्रमाणको विश्वव्यापी मान्यतालाई लिएर निर्णय लिनुपर्ने हो । अनुसन्धान गर्ने निकायको दक्षता पनि निकै कमजोर छ ।

विकसित देशमा साइबर क्राइम रोक्न र यसको सुरक्षाका लागि हाइटेक र इन्टरनेट प्रोटोकल प्रयोग हुन थालेका छन् । अहिले नेपाल प्रहरीको मुख्यालयमा सानो डिजिटल फरेन्सिक ल्याब भनेर सानो स्केलको ल्याब सुरु गरिएको छ । तर, त्यसको प्रभावकारी सञ्चालनका लागि आवश्यक दक्षता विकास गर्न सकिएको छैन ।साइबर सेल र आइटी हेडको व्यवस्था गरिएको त छ तर साइबर अपराध अनुसन्धानको क्रममा अपनाउनुपर्ने राष्ट्रिय मापदण्डमा अभ्यस्त अनुसन्धान अधिकारीहरुलाई विकास गर्ने तहमा दीर्घकालीन तयारी भने गरेको देखिदैन । साइबरजन्य अपराधका घटना टिपाउन र अनुगमन गर्न अपराध अनुसन्धान महाशाखाअन्तर्गत साइबर क्राइम सेलको सञ्चालन केही वर्षदेखि हुदै आएको छ ।

## साइबर अपराधको कानुनी पाटो

साइबर अपराधका घटनाहरुलाई हेर्ने छुटै कुनै कानुन नभए पनि साइबर अपराध गर्नेलाई विद्युतीय कारोबार ऐन– २०६३ अन्तर्गत रहेर कानुनी कारबाही हुने गरेको छ । विद्युतीय कारोबार ऐन– २०६३ ले 'कम्प्युटर, इन्टरनेट लगायतका विद्युतीय सञ्चारमाध्यमहरूमा प्रचलित कानुनले प्रकाशन तथा प्रदर्शन गर्न नहुने भनी रोक लगाएका सामग्री वा सार्वजनिक नैतिकता, शिष्टाचार विरुद्धका सामग्री प्रकाशन वा प्रदर्शन गर्नेलगायतका कामलाई विद्युतीय कसुर भनी परिभाषा गरेको छ ।

इन्टरनेटको प्रयोगमार्फत गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, इन्टरनेट धोकाधडी, अर्काको पहिचान अनधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड तथा बैंक खाता आदिको चोरी गरि गरिने बैकिङ कसुर, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुर्याउने क्षति लगायत गैरकानुनी कार्यलाई पनि विद्युतीय अपराध मानेको छ ।

साइबर अपराधको कुनै स्पष्ट परिभाषा नभए पनि यो निकै संवेदनशील र महत्वपूर्ण विषय हो । अहिले नेपालमा साइवर अपराधका घटनाको अनुसन्धान र कारबाही विद्युतिय कारोवार ऐन २०६३ अन्तर्गत भइरहेको छ । साथै नेपालमा भएको साइबर क्राइम सम्वन्धी मुद्दा काठमाडौ जिल्ला अदालतले मात्रै हेर्ने गरेको छ । त्यो बाहेक साइबर सम्बन्धी अपराध नियन्त्रणका लागि छुट्टै साइबर ब्युरो स्थापना भएको छ ।

## सुरक्षाका लागि पहिलो सर्त सतर्कता

प्रविधिको उच्चतम विकाससँगसँगै नयाँ–नयाँ चुनौती पनि भित्रिएका छन् । साइबर सुरक्षाका बारेमा न्यूनतम तथा आधारभूत ज्ञानको अभावमा यस प्रकृतिका घटना वृद्धि भइरहेका छन् । प्रविधिको प्रयोग गर्दा सावधानी अपनाउन सकेमा साइबर अपराधका घटनामा कमी आउनेमा कुनै विवाद छैन । रोग लागेर उपचार गर्नुभन्दा रोग नै लाग्न नदिनु श्रेयष्कर हुन्छ । इन्टरनेटको प्रयोग गर्दा बलियो पासवर्ड निर्माण गर्न सकेमा वा पासवर्डको प्रयोगमा सावधानी अपनाउन सकेमा धेरै हदसम्म साइबर अपराधका घटनामा कमी आउने देखिन्छ ।

कमजोर पासवर्ड निर्माण गरिनु, समय–समयमा पासवर्ड परिवर्तन नगरिनु र कतिपय अवस्थामा पासवर्डका बारेमा अन्य व्यक्तिलाई जानकारी हुनु पनि मुख्य समस्याका रूपमा देखिएका छन् । पासवर्ड कम्प्युटर र सूचना सुरक्षणको एक महत्वपूर्ण अवधारणा हो । पासवर्डले कम्प्युटर प्रयोगकर्ताहरूको एकाउन्टको अग्रभागमा रहेर सुरक्षा प्रदान गर्छ । साइबर सुरक्षाका लागि पासवर्ड प्रयोग गर्दा विशेष सतर्कता अपनाउनुपर्ने हुन्छ । साइबर सुरक्षाका लागि सबैभन्दा पहिले पासवर्डको निर्माण, प्रयोग तथा सुरक्षामा ध्यान दिनु आवश्यक रहेको विज्ञहरुको सुझाव छ ।

अन्तर्वार्ता

# सन्तुलन र नियमनका लागि राष्ट्रियसभाको महत्व छः अध्यक्ष तिमिल्सिना

*विधि निर्माणका लागि राष्ट्रियसभा प्रतिनिधिसभासँगसँगै जिम्मेवार र सक्रिय रहँदै आएको छ । प्रतिनिधिसभा विघटन भएका बखत पनि बन्द नहुने प्रकृतिको राष्ट्रियसभा प्रबुद्ध व्यक्तिहरूको सहभागितामा शालिन प्रस्तुति दिने माथिल्लो सभाका रूपमा रहेको छ । दुई सदनात्मक संवैधानिक व्यवस्था रहेको नेपालको संविधान कार्यान्वयनका क्रममा सरकार बनाउने र ढाल्ने सवालमा प्रतिनिधिसभाको भूमिका हुने भएकाले होला राजनीतिका खेलाडी र आम सञ्चारमाध्यमका लागि राष्ट्रियसभा अलि ओझेलमा परेको देखिन्छ । यस प्रकारको अनुभूति छ वर्षे कार्यकाल सकाएर यही फागुन २० गते बिदा हुन लाग्नुभएका उक्त सभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनामा पनि रहेको छ । अध्यक्ष तिमिल्सिनाका कार्यकालका उपलब्धि र अनुभवका सन्दर्भमा उनीसँग राष्ट्रिय समाचार समिति (रासस)का वरिष्ठ समाचारदाता प्रकाश सिलवाल र समाचारदाता कालिका खड्काले गरेको कुराकानीको सम्पादित विवरणः*

**राष्ट्रियसभाको छ वर्षे कार्यकाल सकिँदैछ । आफ्नो नेतृत्वमा यी काम भए वा यी हुन सकेनन् भन्ने समीक्षाका विषयहरू यहाँका मनभित्र उब्जिरहेकै होलान् ? समग्रमा आफैँले मूल्याङ्कन गर्दा कस्तो पाउनुहुन्छ ?**

– संसदको कार्यभार मुलतः विधि निर्माण नै हो । हामीले राष्ट्रियसभाको यस अवधिमा जति काम गरेका छौँ, ती मुलतः विधि निर्माणमै केन्द्रित भएर गरेका छौँ । यसबीचमा सरकारबाट प्रस्तुत भएका विधेयकहरू र एक गैरसरकारी विधेयकसमेतमा हामीले सकभर छिटोछरितोरूपमा छलफल गरेर प्रतिनिधिसभामा सन्देशसहित पठाएका छौँ । सरकारले चाहेर एकवटा विधेयक फिर्ता भएबाहेक हामीसमक्ष आएका सबै विधेयक अगाडि बढेका छन् । अहिले हाम्रो सभामा एकबाहेक कुनै पनि विधेयक विचाराधीन छैन । हामी समयमा छलफलसहित विधेयक पारित गर्ने कुरामा सचेत रहँदै आएका छौँ । हामी हाम्रोतर्फबाट विधेयक पारितमा विलम्ब नहोस् भन्ने चाहन्छौँ । कुनै–कुनैमा सरकार आफैँले चाहेर ढिलाइ गरेकाले पारित हुनमा ढिलाइ भएका छन् ।




समय मूल्यवान छ । हाम्रा समयहरू त्यत्तिकै व्यतित भइरहेका हुन्छन् । समयसँगै हाम्रो शक्ति र सामथ्र्य पनि खेर गइरहेको हुन्छ । त्यसलाई सकारात्मक ऊर्जा र मुलुकको हितमा अधिकतम कसरी प्रयोग गर्ने भन्नेमा हामी चिन्तित हुनुपर्छ । समयको यही महत्वलाई बुझाउन र एक प्रकारले राष्ट्रियरूपमा सन्देश दिन राष्ट्रियसभाले समयमा बैठक गर्ने र सम्पन्न गर्ने काममा विशेष ध्यान दिएको छ । विकास निर्माणमा समय अन्तरनीहित हुन्छ । समयमा बैठक सुरु हुने–नहुनेले हाम्रा योजना, लक्ष्य र कार्यक्रमहरू समयमा सम्पन्न हुन्छन् या हुँदैनन् । हाम्रा मन्त्री, सांसदहरू नै समयमा काम गर्दैनन् भन्ने सन्देश जनतमा जान दिन हुँदैन ।



विधि निर्माणलाई अझै पारदर्शी र सहभागितामूलक बनाउनुपर्छ भन्नेमा हामी कहिल्यै पछि पर्नु हुँदैन । हामीले यस मामिलामा सक्दो प्रयास गरेका छौँ भन्ने लाग्छ । विधि निर्माणका साथै मुलुक र जनताका जल्दाबल्दा सवालमा सभामा आवाज उठेका छन् । सांसदलाई लागेका विषयमा सरकारलाई ध्यानाकर्षण गराउँदै सङ्कल्प प्रस्ताव पनि पारित भएका छन् ।

यसरी हेर्दा हामीले मुलुक र जनताको सेवा र विकासका लागि विधि निर्माणका सवालमा कुनै कमी नराखीकन इमान्दारपूर्वक काम गरेका छौँ भन्ने लाग्छ । समग्र मूल्याङ्कन र राजनीतिक दल, सरोकार भएका पक्ष र सञ्चारजगत् पनि गर्दै जाला । मलाई गर्न पाइएन भन्ने लागेको कामचाहिँ सभामा प्रधानमन्त्री र मन्त्रीसँग सांसदका प्रश्नोत्तर कार्यक्रम चलाउन सकिएन भन्ने रहेको छ । नियमावलीमा व्यवस्था भए पनि विविध कारणले हामीले यो सञ्चालन गर्न सकेनौँ । आगामी दिनमा हुन सकोस् भन्ने चाहन्छु ।

**संविधान कार्यान्वयनका लागि आवश्यक पर्ने कतिपय महत्त्वपूर्ण कानुन अहिलेसम्म आउन नसक्नुको कारण के होलाजस्तो लाग्छ ?**

– हामीले संविधान कार्यान्वयनका क्रममा आवश्यक पर्ने विधेयकहरू २०८१ असोजभित्र ल्याइसक्नुपर्छ भनेर सङ्कल्प प्रस्ताव पारित गरी सरकारलाई दिइसकेका छौँ । सदनमा सरकारले पर्याप्त विधेयक ल्याउन सक्नु उसको दायित्व हो । मन्त्रीहरूले पदमा आएपछि पहिलो प्राथमिकता नै आफ्ना कार्यक्षेत्रमा कुन नयाँ कानुन आवश्यक र छ कुन संशोधन छ भन्ने बुझेर त्यसअनुसार मस्यौदाका लागि निर्देशन दिनुपर्छ तर यहाँ यतातिर त्यति ध्यान नदिइएको जस्तो लाग्छ । पदका लागि पद र पदमा रहेर नीहित स्वार्थका लागि बढी समय दिइएको जस्तो लाग्छ । गैरसरकारी विधेयकका रूपमा आएको राष्ट्रिय मर्यादाक्रमसम्बन्धी विधेयक अगाडि बढाउन ढिलाइ भइरहेको छ । त्यसमा सम्बन्धित मन्त्रालयले स्वामित्व लिन आनाकानी गरिरहेको छ तर कुरा के हो भने या आफूले विधेयक ल्याउनुपर्यो या आएका विधेयक अगाडि बढाउन लाग्नुपर्यो । अरू विकल्प हामीसँग छैन ।

**संविधानमा दुई सदनात्मक व्यवस्था राख्नुको आफ्नै कारण होला तर एकै विधेयक, उही प्रस्ताव दुवै संसद्मा प्रस्तुत, छलफल र उस्तै जवाफको शृङ्खला चलेको देखिन्छ । के यसमा प्रणालीगत परिवर्तनको आवश्यकता देख्नुहुन्न ?**

– संसारमा लोकतान्त्रिक मुलुकमा दुई सदनात्मक व्यवस्था छन् । कतैकतै एउटै सदन पनि छ । आफ्नाआफ्ना अभ्यास छन् । दुई सदनको आवश्यकता सामान्यतः सन्तुलन र नियमन (चेक एण्ड ब्यालेन्स)का लागि हो । विधि निर्माणमा कुनै कमी नहोस्, एउटा संसद्ले नदेखेका कमजोरी अर्को संसद्ले देख्छ र विधेयकहरू परिपक्व भएर जान्छ भन्ने हो । कार्य प्रकृतिका आधारमा हेर्दा प्रतिनिधिसभा प्रत्यक्ष निर्वाचित सांसदको उपस्थितिको सदन हुने भएकाले जनता र सरकारले त्यसलाई अलि बढी महत्व दिएको अनुभव हुन्छ । राजनीतिक दलका शीर्षनेता, प्रधानमन्त्री, पूर्वप्रधानमन्त्री र भावी प्रधानमन्त्रीसम्म प्रतिनिधिसभामै बढी हुनुहुन्छ । सञ्चारमाध्यमले पनि प्रतिनिधिसभालाई बढी महत्व त्यसकारण दिन्छ सायद । तर समयमा राष्ट्रियसभाले पनि उत्तिकै जिम्मेवारीका साथ आफ्नो भूमिका निर्वाह गरिरहेको हुन्छ । चर्काचर्का स्वरमा बोल्ने र पाखुरा सुर्कने गरेका आधारमा सञ्चारमाध्यमले स्थान बढाउनु उचित होइन । राष्ट्रियसभामा चर्का आवाज नसुनिन सक्छ तर शालिन र विशिष्टताका आधारमा हामी सवालहरू उठाइरहेका हुन्छौँ । त्यसलाई पनि उत्तिकै महत्व दिइनुपर्छ ।

अर्को कुरा, प्रतिनिधिसभा विघटन हुँदा राष्ट्रियसभा बस्न सक्ने थियो तर बसाइएन । आर्थिक विधेयक पारितको अधिकार यसलाई नभए पनि प्रस्तुतसम्म गराउन सक्थ्यो त्यो गराइएन । कुनै एक संसद् नहुँदा अर्को संसद्मा नियमित विधि निर्माण र आर्थिक विधेयकजस्ता विषयमा छलफल चलाइनुपर्छ । यी विषयमा संविधान संशोधनका क्रममा हेरिनुपर्छ जस्तो लाग्छ । वास्तवमा राष्ट्रियसभाको आवश्यकता छ । 'अपर हाउस' भनेको अमेरिकाको जस्तो होस् । बेलायतको जस्तो होस् भनेर हामी त्यो तहमा ठ्याक्कै पुग्न नसकौँला तर त्यसको पनि सीमा हुन्छ ।

**सदनमा शून्य र विशेष समयमा राष्ट्रिय सरोकारका जति विषय उठ्ने गर्छ, त्यसको उचित सम्बोधन हुनसकेको देखिँदैन भन्ने सांसदहरुको गुनासो छ । तपाईंको अनुभव कस्तो छ ?**

– यो विषयलाई राजनीतिक दल, सांसद, सम्बन्धित मन्त्रीहरुले गम्भीरताका साथ लिनुपर्छ । संसदीय परिपाटीमा विधि निर्माण सँगसँगै यी कुराहरू उठ्नु आवश्यक र महत्वपूर्ण कुरा हो । नत्र संसद् किन चाहियो ? सरकार बनाउने र त्यसपछि जे–जे आयो ताली पिटेर पारित गरेर गए भइहाल्थ्यो । त्यसरी हुँदैन । जनताका जल्दाबल्दा समस्या सदनमा उठ्छन् । सरकार त्यसमा गम्भीर बनोस् । सरकारको कामकारबाहीका विषयमा सदनमा छलफल भएपछि सम्बन्धित मन्त्रीहरूले उक्त विषयमा उचित जवाफ दिनुपर्छ । त्यहीअनुसार काम गर्नुपर्छ ।

राज्यसत्ता सञ्चालन गर्ने क्रममा सुशासन कायम गर्न आवाज आउँछ । प्रधानमन्त्री वा मन्त्रीहरूले आ–आफ्नो ठाउँबाट आफ्नो क्षेत्रमा उठेको विषयमा सम्बोधन गरी समस्याको समाधान गर्नुपर्छ । त्यसो भएमा देश र जनता दुवैलाई लाभ हुन्छ । सांसदले सरकारका कमी–कमजोरी औँल्याएर बलियो बनाउने हो । सांसदले बोलेपछि केही हुन्छ भनेर जनताले आशा गरेर ध्यान दिएर सुनेका हुन्छन्, सरकारबाट सुनुवाइ नहुने हो भने सांसदले बोलेर मात्रै के हुन्छ भन्ने निराशा उत्पन्न हुन्छ । राजनीतिक दलहरूले पनि आफूले पठाएका मन्त्रीको कार्यक्षमताको मूल्याङ्कन गर्नुपर्छ । विधायकहरूलाई सदनका गरेको कामको आधारमा नै मूल्याङ्कनको विधि बनाउने हो भने सदन प्रभावकारी हुन्छ ।

**राजनीतिमा लागेर यति माथिल्लो पदमा पुग्छु भन्ने त लागेको थिएन होला तर पनि स्थानीय तहको जनप्रतिनिधिदेखि राज्यको अतिविशिष्ट पदमा समेत पुग्नुभयो । छ वर्षको अनुभव सम्हाल्नुभयो । समग्रमा देशको राजनीतिक प्रणाली व्यवस्थापन तथा देश र जनताको हितका लागि पदमा हुँदा र नहुँदा के फरक पाउनुभयो ?**

– पक्कै पनि हामी राजनीतिमा लागेकाहरू पदको आकाङ्क्षाभन्दा पनि जनताको सेवाप्रतिको दृढ अठोट र न्यायपूर्ण परिवर्तनका लागि लागेका हुन्छौँ । राजनीतिमा लागेर प्रधानमन्त्री, मन्त्री वा पार्टीको ठूलो पदमा पुगेर यस्तो गर्छु भन्ने पनि लाग्ने हुन्छ तर सबैले त्यो अवसर पाउँदैनन् । एकै व्यक्तिले पटक–पटक अवसर पाउनु पनि हुँदैन । जुनसुकै पदमा पुगे पनि नाम लेखाउनेमात्रै खालको भएर अर्थ हुँदैन । सबैभन्दा महत्त्वपूर्ण कुरा इतिहासमा कसरी फरक भूमिका साथ परिवर्तन र रुपान्तरणमा योगदान दिन सक्छ भन्ने हो । म प्रधानमन्त्री हुँदा विगतका प्रधानमन्त्रीले भन्दा यो बढी राम्रो गर्छु भनेर नयाँ र प्रभावकारी ढङ्गले काम गर्न सक्छु भनेर काम गर्नुपर्यो । पार्टीको घोषणापत्र र जनतासँग गरेका प्रतिवद्धताअनुरुप काम गर्छु भन्ने दृढ अठोटका साथ काम गर्नुपर्छ ।

सांसद भएपछि मन्त्री हुन सबैको दौडधुप हुन्छ । म किन नहुने भन्ने वातावरण छ । मन्त्री हुनेले पनि हिजोका दिनमा भन्दा अझै राम्रो काम गर्छु भनेर आएको देखिँदैन । अझै हिजो पटकपटक प्रधानमन्त्री वा मन्त्री हुनेले के कारणले दोहोरिएको भन्ने प्रश्नको जवाफ छैन । विगतमा मैले यो काम गरेको थिएँ । यो अधुरो छ, अब गर्छु भनेर केही निस्कँदैन । नेपाली समाजमा रहेका सबै प्रकारका विभेदहरुको अन्त्य गर्नुपर्छ । सुशासन कायम गरी देशलाई समृद्ध र विकसित मुलुकको स्थानमा लैजानुपर्छ । समग्रमा राज्यको लक्ष्य प्राप्तिका लागि काम गर्नुपर्छ । राष्ट्रियसभाको भूमिकामा म आउँदा कानुन निर्माणलाई सहमतिका साथ अघि बढाउनका लागि निरन्तर काम गरिरहेँ । सकेसम्म सहमतिका साथ विधि निर्माणका जाने भन्ने सोचमा रहेँ ।

**संवैधानिक परिषद्को बैठक लामो समयदेखि बस्न सकेको छैन । कतिपय पदहरू खाली छन् । विगतमा पनि त्यस्तै भयो । दलीय असहमतिका बीच अध्यादेश ल्याउने र कार्यविधि परिवर्तन गर्ने काम भए । यसलाई कसरी व्यवस्थित गर्न सकिन्छ ?**

– संवैधानिक परिषद्को वैठक बस्न नसकेको विवाद भएका कुराहरु मात्र होइन । दल परिवर्तनसम्बन्धी ऐनलाई अध्यायादेशमार्फत जारी गराएर कुनै दल विभाजन हुने तर त्यसपछि अध्यादेशमा भएका व्यवस्था नरहने कामहरू पनि भए । विभिन्न खालका राजनीतिक स्वार्थका कारण यस्ता गतिविधि हुने गरेका छन् । संविधानले परिकल्पना गरेका यस्ता संवैधानिक नियुक्तिका कुरा वा दलविशेषलाई कसरी संस्थागत गर्ने भन्ने कुरामा 'थ्रेसहोल्ड' नै राखेर दल टुक्रिएर साना–साना भएर संविधानसभाको बेलामा घटनाहरू भएका छन् । त्यो स्थिति नआओस् । हामीले एउटा क्षणिक स्वार्थका लागि काम गर्न हुँदैन ।

मुख्यतः ऐन निर्माण गर्दा वा कुनै पनि निर्णय गर्दा बृहत्तर हित, राष्ट्रिय हित र दूरगामी असरलाई हेरेर काम गर्नुपर्छ । तत्कालका लागि वा आफ्नो स्वार्थका लागि काम गर्न हुँदैन । सदन नचलेको अवस्थामा सरकारले अध्यादेश पनि ल्याउन सक्ने अवस्था छ । म त परिषद्को एक सदस्यका हिसाबले बैठकमा सहभागी हुँदै आएँ । कतिपय सदस्य बैठकमा नआउने गर्नुभयो, त्यसो गर्नुभन्दा बैठकमा आएर आफ्ना कुरा राख्ने गर्नु उचित हुन्थ्यो । अध्यादेश र कानुनबमोजिम भएका परिषद्का कतिपय बैठक र निर्णयमाथि सर्वोच्च अदालतमा मुद्दा विचाराधीन रहेको छ । त्यस विषयको टुङ्गो अदालतले नै लगाउँला ।

**राज्यका तीन अङ्गका बीचको समन्वय र सन्तुलत कस्तो पाउनुभएको छ ?**

– संविधानले प्रबन्ध गरेअनुसार समन्वय र सन्तुलनको अभाव रहेको छ । संसदीय व्यवस्थामा कार्यपालिका होइन, सार्वभौम संसद् शक्तिशाली हो भन्ने स्थापित गरिनुपर्छ । कार्यपालिकाले म कार्यकारी हुँ भन्ने मानसिकता बदल्नुपर्छ ।

**सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक अगाडि बढ्न ढिलाइ हुनुमा कुन पक्षको कमजोरी हो जस्तो लाग्छ ?**

– सैद्धान्तिकरूपमा हेर्दा विवाद देखिँदैन । बाहिर प्रतिबद्धता पनि सबैले अन्तर्राष्ट्रिय मान्यता र सर्वोच्च अदालतको आदेशबमोजिम हुनेगरी ती विधेयक पारित गर्ने भन्ने रूपमा आएको छ । तर दुवै पक्षलाई आफ्नो पक्ष बलियो बनाउँ भन्ने लागेकाले विधेयक अघि बढ्न नसकेको जस्तो लाग्छ । यो विधेयक हाल प्रतिनिधिसभामा अड्किएको छ । तत्कालीन विद्रोही पक्ष अहिले सरकारको नेतृत्वमै छ । उसले सबैलाई मिलाएर लान सक्नुपर्छ । दण्डहीनता हुनु हुँदैन भन्ने कुरा महत्त्वपूर्ण छ ।

**राष्ट्रियसभा अध्यक्षको जिम्मेवारीबाट बिदा भएपछिको आगामी राजनीतिक योजना के छ ?**

– म मुलतः देश र जनताको सेवामै रहने छु । फेरि पदमा आउने या नआउने भन्ने कुरा राजनीतिक स्थिति, राजनीतिक नेतृत्व र परिस्थितिको कुरा हो । पार्टीको जिम्मेवारीमा पनि आउन सक्छु । यसमा सम्बन्धित राजनीतिक नेतृत्वले कसरी सोच्छ र मेरो आवश्यकता कहाँ देख्छ, त्यसअनुसार म अगाडि बढ्छु ।

# ‘घुमौँ भरतपुर’

‘घुमौँ भरतपुर’ भन्ने नाराका साथ सुरु गरिएको ‘भरतपुर भ्रमण वर्ष, २०२४’ को शुक्रबार उद्घाटन गरिएको छ । उद्घाटन कायक्रर्ममा विभिन्न राजनीति दलका शीर्ष नेताहरु पुगेका थिए । कार्यक्रममा प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड), नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, सम्मानित नेता झलनाथ खनाल लगायत नेताहरु उद्घाटन समारोहमा पुगेका थिए । कार्यक्रमको सम्बोधनमा कसले के भनेः






## प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड)




प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले वर्तमान सरकार अर्थतन्त्रमा देखिएका चुनौती सम्बोधन गर्दै समृद्धिको आधार तयार गर्न क्रियाशील रहेको बताएका छन् । प्रधानमन्त्री दाहालले आफू नेतृत्वको वर्तमान सरकार सुशासन, सामाजिक न्याय र समृद्धिको प्राथमिकतासहित अर्थतन्त्रका चुनौतीहरू सम्बोधन गर्न क्रियाशील रहेको बताएका हुन् । ‘चौध महिनामा देश र विश्व समुदायले समेत देख्ने गरी मानकहरू स्थापित भएका छन्’, प्रधानमन्त्री प्रचण्डले भने, ‘भ्रष्टाचार नियन्त्रण, अर्थतन्त्रमा सुधार, सङ्घीयता कार्यान्वयन, सामाजिक न्याय र सेवा प्रवाहमा जे–जति कामहरू भएका छन् । यी देशका लागि महत्वपूर्ण उपलब्धिहरू हुन् ।’ दिगो विकासबाट आर्थिक समृद्धि प्राप्त गर्न सहमतिको संस्कृति र राष्ट्रिय सहमति आवश्यक रहेको उल्लेख गर्दै प्रधानमन्त्रीले राष्ट्रिय राजनीतिका विशिष्ट व्यक्तिहरूको सामूहिक उपस्थितिले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा सकारात्मक सन्देश सम्प्रेषण हुने बताए । नेपालको कूल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदान छ दशमलव सात प्रतिशत र रोजगारीको क्षेत्रमा छ दशमलव नौ प्रतिशत रहेको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले चितवनमा २०२३ मा एक लाख ९० हजार चार सय ५८ जना पर्यटकको आगमन भएको आफूले जानकारी पाएको बताए । प्रधानमन्त्री प्रचण्डले राष्ट्रकै पर्यटन प्रवर्द्धनमा भरतपुर भ्रमण वर्ष कोसेढुङ्गा सावित हुनेमा विश्वास व्यक्त गरे । ‘भरतपुर भ्रमण वर्षले रत्ननगर नगरपालिकाको सौराहाबाट माडी नगरपालिकाको सोमेश्वर गढीसम्म, राप्तीको परेवाकोटबाट खैरहनीको कुमरोजसम्म, कालिकाको सिन्ते झरनाबाट गैँडाकोटको मौलाकालिकासम्म, चितवनको उच्च भाग इच्छाकामनाको सिराइचुलीबाट बागमती प्रदेशकै होचो भू–भाग भरतपुर महानगरपालिकाको गोलाघाटसम्मका ५० भन्दा बढी गन्तव्यको प्रवद्र्धन गर्नेछ’, प्रधानमन्त्री प्रचण्डले भन्नुभयो, “यो चितवनको पर्यटनमा गुणात्मक फड्को हुनेछ ।’ विशिष्ट पाहुनाबाट एक सय ५० वर्षदेखि चितवनका जङ्गलमा सिकार यात्रा गरेको इतिहास रहेको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले नेपालमा सर्वप्रथम जङ्गल सफारीको सुरुआत टाइगर टपले मेघौली नजिक चितवनबाट भएको स्मरण गरे । पछिल्लो सात वर्षमा भरतपुर महानगरपालिकाले विकासको मोडेलमा सिङ्गो देशलाई नै नेतृत्व गरिरहेको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले एक दशकअघिको भरतपुर र वर्तमानको भरतपुरमा आम जनसमुदायले गुणात्मक परिवर्तनको अनुभूति गरेको बताए । प्रधानमन्त्रीले गौरवका आयोजना चक्रपथ, छ लेनको सडक, तटबन्धन, सिटी हल, गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला, विमानस्थल, नारायणी ‘सी–बीच’ मोडल तथा विभिन्न पूर्वाधारको निर्माण प्रक्रिया सम्पन्न भइसक्दा भरतपुरले नयाँ मानक स्थापित गर्ने विश्वास व्यक्त गरे । उनले भरतपुरले देशको अर्थतन्त्र र विकास मोडलमा ‘रोलमोडल’ कायम गर्ने दाबी गरे । अनुपम प्राकृतिक सम्पदाले सम्पन्न महानगरपालिकामा निकुञ्ज, सामुदायिक वन, ताल, नदी, सूर्योदय, सूर्यास्त, पहाड, हिमशृङ्खलाको दृश्यावलोकन एवं समथर तराईको भू–भागको दृश्यावलोकनलगायतका प्राकृतिक आकर्षण रहेको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले ऐतिहासिकस्थल, गढी, दरबार, सङ्ग्रहालय, पार्क, धार्मिकस्थल, मानवनिर्मित २२ वटा आकर्षण पर्यटकीय गन्तव्य रहेको बताए । पर्यटन विकासबाट सामाजिक तथा आर्थिक परिवर्तन ल्याउन कोरोना कहरबाट पिल्सिएको पर्यटन व्यवसायलाई उकास्न भरतपुर महानगरपालिकाको यो कदमको प्रशंसा गरे । उनले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रतिष्ठा वृद्धि गर्न प्राकृतिक, सांस्कृतिक, धार्मिक एवं ऐतिहासिक सम्पदाको प्रचारप्रसार गरी पर्यटकको सङ्ख्या र बसाई अवधि वृद्धि गर्ने उद्देश्यले भ्रमण वर्ष आयोजना गरिएको बताए ।

## शेरबहादुर देउवा, सभापति – नेपाली कांग्रेस

नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाले पर्यटन क्षेत्रको विकासका लागि सरकार र निजी क्षेत्रबीच सहकार्य आवश्यक रहेको बताएका छन् । आज चितवनको नारायणी नदी किनारमा आयोजित ‘भरतपुर भ्रमण वर्ष २०२४’ को उद्घाटन समारोहलाई सम्बोधन गर्दै उनले मुलुकको पर्यटन प्रवर्द्धनका लागि सबै क्षेत्रको सहकार्य आवश्यक रहेको बताउनुभयो ।

नेपालको नीति तीनखम्बे अर्थनीति भएकाले पर्यटन प्रवर्द्धनमा सङ्घ, प्रदेश, स्थानीय तहका साथै सरोकारवाला निकायको एकआपसमा सहकार्य आवश्यक रहेको सभापति देउवाले बताए । कोरोनाका कारण नेपालको अर्थतन्त्रमा परेको असर पर्यटन क्षेत्रको चलायमान अवस्थाले परिपूर्ति गर्दै जाने उनको भनाइ छ । ‘भरतपुर भ्रमण वर्षले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रचारप्रसारसँगै पर्यटक वृद्धि गरी मुलुकको आर्थिक विकासमा सहयोग पु¥याउनेछ’, सभापति देउवाले भने । उनले गठबन्धनको सरकारले निरन्तरता पाउने भन्दै वर्तमान सरकारले निजी क्षेत्रसँग सहकार्य गर्दै पर्यटन प्रवर्द्धनका क्षेत्रमा काम गर्ने बताए । सभापति देउवाले भरतपुर देशकै प्रमुख पर्यटकीय गन्तव्य भएको भन्दै महानगरपालिकामा पर्यटकीय विकासका लागि प्रयाप्त पूर्वाधार रहेको बताए । ‘जैविक विविधता, पर्या–पर्यटन, वन्यजन्तुसम्बन्धी खेल, स्वास्थ्य, कृषि, पर्यटनको विकासलगायत विषयले भरतपर मुलुकको प्रमुख आर्थिक केन्द्रका रुपमा स्थापित भएको छ’, उनले भने ।

## केपी शर्मा ओली, अध्यक्ष– नेकपा एमाले




नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले भरतपुरमा पर्यटन विकासको प्रचुर सम्भावना रहेको बताएका छन् । अध्यक्ष ओलीले भरतपुर देशका विभिन्न क्षेत्रबाट बसाइँसराइ गरेर आएका र यहाँका आदिवासीको सुन्दर सम्मिश्रणको सहर भएको बताए । अध्यक्ष ओलीले यहाँको पर्यटनको प्रचुर सम्भावना देखेर नारायणी, कोसी हुँदै बङ्गालसम्म जोड्नका लागि आफूले जलमार्गको योजना अघि बढाएको स्पष्ट गरे । उनले त्यही योजनाअनुरुप अहिले निजी क्षेत्रले नारायणीलगायत नदीमा जलपर्यटनका पूर्वाधार निर्माण गरेको बताए । अध्यक्ष ओलीले चितवन पूर्व–पश्चिम र हुलाकी राजमार्गसँग जोडिएको जिल्ला भएकाले पनि यहाँको सम्भावना धेरै रहेको बताए । भरतपुरको विकासका लागि सभाहल, छ लेन सडक, हुलाकी सडकको काम आफू प्रधानमन्त्री हुँदा अघि बढाउन सहयोग पु¥याएको उनले बताए । भरतपुरमा पूर्वाधार विकाससँगै कृषि, शिक्षा, स्वास्थ्य क्षेत्रको केन्द्र बनाउन सकिने भन्दै यहाँको विश्वविद्यालयले कृषि क्षेत्रमा मार्गदर्शनको काम गर्न सक्नुपर्ने उनले बताए । अध्यक्ष ओलीले यहाँको विकासमा आफू र आफ्नो पार्टी सधैँ सहयोग गर्न प्रतिबद्ध रहेको बताए ।

## माधवकुमार नेपाल, अध्यक्ष – नेकपा एकीकृत समाजवादी




नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले भरतपुरलाई अन्तर्राष्ट्रिय स्तरको पर्यटकीय गन्तव्य बनाउन सकिने बताएका छन् ।

अध्यक्ष नेपालले यहाँको विकास र पर्यटकीय सम्भावनाले भरतपुरलाई अन्तर्राष्ट्रिय पर्यटकीय थलो बनाउन सकिने बताएका हुन् । ‘यहाँ गैँडा, पाटेबाघ, घडियाल गोही, साइबेरियन चरा र वनस्पति देख्न पाइन्छ’, उनले भने, ‘यहाँको प्राकृतिक विविधताले पर्यटकलाई आकर्षित गर्न सकिन्छ ।’ उनले चितवनमा विभिन्न जातजाति, भाषाभाषीको बसोबास रहेको भन्दै यहाँको विविधता हेर्न पर्यटक आउने गरेको बताए । नेपालको केन्द्रमा रहेको भरतपुर महानगरपालिका उत्कृष्ट नगरपालिकाको दर्जा पाएको भन्दै यहाँको विकास निर्माण अन्य पालिकाका लागि पनि उदाहरण बनेको उल्लेख गरे । विकासका लागि सडक पूर्वाधार मात्र नभई अन्य सूचकसमेत उत्कृष्ट हुनुपर्ने भन्दै त्यसमा भरतपुरले ध्यान दिएको बताए । जनताले दिएको सल्लाह र आलोचनाले सही बाटोमा हिँड्न प्रेरित गर्ने भन्दै राम्रो गर्नेलाई प्रोत्साहन र नराम्रो गर्नेलाई जनताले नै दण्डित गर्ने बताए । नेता नेपालले सङ्घीय, प्रदेश र स्थानीय सरकारले आपसमा समन्वयमा काम गरेर जनताका आवश्यकता पूरा गर्ने गरी विकास गर्न सकिने बताए । भ्रमण वर्षसँगै भरतपुरलाई सबै क्षेत्रको हबको रुपमा विकास गर्नुपर्ने नेता नेपालको धारणा थियो ।

## झलनाथ खनाल, सम्मानित नेता – नेकपा एकीकृत समाजवादी




नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का सम्मानित नेता तथा पूर्वप्रधानमन्त्री झलनाथ खनालले विकास निर्माणका सवालमा सबै राजनीतिक दल एकजुट बन्नुपर्ने बताएका छन् । पूर्वप्रधानमन्त्री खनालले जनआन्दोलनपछि पटक–पटक सरकार परिवर्तन हुँदा पनि नागरिकको अपेक्षा पूरा गर्न नसकिएको भन्दै सबै राजनीतिक दल मिलेर नेपाललाई समृद्ध बनाउनुपर्नेमा जोड दिए । उनले अहिले राजनीतिक दलहरु हिँडेको बाटोको सीमक्षा गर्न आवश्यक रहेको समेत उल्लेख गरे । उनले भने, ‘हामी हिँडेको बाटोको एक पटक समीक्षा आवश्यक छ । कमजोरी कहाँ भएको छ । एकचोटी सबैले छातीमा हात राखेर मनन गरौँ । सबै एकजुट हुने हो भने समृद्धि सम्भव छ ।’ नेता खनालले समृद्ध नेपाल र सुखी नेपाली निर्माण गर्ने सपना र दोस्रो जनआन्दोलनको उद्देश्य पूरा गर्नतिर लाग्नुपर्नेमा जोड दिए । ‘सबै मिलेर आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट तय गरौँ । यसबाट सुन्दरतामा सुगन्ध पनि थपिन्छ’, उनले भने । उनले नेपालमा विराट सम्भावना रहेको र चितवन सभ्यता र सम्भावना बोकेको उपत्यका भएको समेत उल्लेख गरे । ‘भरतपुरमा विकास र रुपान्तरणका प्रक्रिया आगाडि बढ्दै छन् । भ्रमण वर्षको उद्घाटन महोत्सवका रुपमा स्थापित भएको छ’, उनले भने । खनालले भरतपुर महानगरपालिकाका प्रमुख रेनु दाहाल प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’कि छोरी मात्रै नभई नेपालीकी छोरी भएको बताए ।




**नगर बस सेवा :**

*सिरहाको लहान नगरपालिकाले ग्रामीण क्षेत्रका सर्वसाधरणलाई लक्षित गरी सञ्चालन गरेको नगर बस । डेढ वर्षभन्दा बढी समयदेखि बन्द रहेको नगर बसको सेवा गत माघ १ गतेबाट पुनः सञ्चालनमा आएपछि १ देखि २४ नम्बर वडा क्षेत्रका नगरवासीलाई प्रत्यक्ष रूपमा राहत पुगेको छ । तस्बिर: सुदिप राउत/रासस*

# प्रहरीले थाल्यो लागुऔषधविरुद्ध विशेष अभियान

**रासस**
**जनकपुरधाम ।**
लागुऔषध सेवन गर्ने २६ जनालाई धनुषा प्रहरीले एकै दिन नियन्त्रणमा लिएको छ । धनुषा प्रहरीले लागुऔषधविरुद्ध थालेको विशेष अभियानअन्तर्गत तेस्रो पटक बुधबार २६ जनालाई नियन्त्रणमा लिइएको हो । इलाका प्रहरी कार्यालय लग्मा जटही र जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटिएको जाँचकी टोलीले भारतको पिपरोनबाट जटही नाका हुँदै लागुऔषध सेवन गरी नेपालतर्फ आउँदै गरेको २६ जनालाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता रञ्जन अवाँले जानकारी दिए ।




उनीहरुलाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान र कारबाहीको लागि जिल्ला प्रहरी कार्यालयमा ल्याइएकोमा थप अनुसन्धानपश्चात् २५ जनालाई छोडिएको र सोमध्ये एकजनामाथि लागुऔषध शीर्षक मुद्दा चलाइएको प्रवक्ता अवाँले बताए । बिहीबार लागुऔषध सेवनकर्ता २५ जनालाई सम्झाइबुझाइ अभिभावकको जिम्मा लगाइएको र धेरै मात्रामा लागुऔषध बरामद भएकामा एकजनाविरुद्ध मुद्दा चलाइएको उनले बताए । करिब दुई महिनाअघिदेखि थालिएको अभियानअन्तर्गत पहिलोपटक ४५ जना, दोस्रो पटक ३४ जना र तेस्रोपटक २६ जनालाई प्रहरीले नियन्त्रणमा लिएको थियो । जसमध्ये पहिलोपटक चार जना, दोस्रोपटक दुई जना र तेस्रोपटक एक जना लागुऔषधसहित बरामद भएका व्यक्तिउपर मुद्दा चलाइएको प्रहरी नायब उपरीक्षक अवाँले बताए ।

भारत बिहारको खुला सीमासँग जोडिएको धनुषामा पछिल्ला समयमा लागुऔषधकै कारण विभिन्न आपराधिक घटना बढेपछि धनुषा प्रहरीले यो अभियान थालेको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी उपरीक्षक एवं प्रमुख मित्रबन्धु शर्माले बताए । उता जाने लागुऔषध सेवन गर्ने र नेपालमा आएर अपराध गर्ने गतिविधि बढेपछि यसलाई निरुत्साहित गर्न धनुषा प्रहरी सक्रिय भएको उनले बताए । करिब दुई महिनादेखि धनुषा प्रहरीद्वारा थालिएको यो अभियान निरन्तर चलिरहने उनको भनाइ छ । 'बोर्डरमा स्वीप अभियानअन्तर्गत लागुऔषध सेवनकर्ता र ओसारपोसामा संलग्न धमाधम समातिँदै छन्' उनले भने, 'नियन्त्रणमा लिएकालाई एकरात हिरासतमा राख्ने त्यसपछि अर्कोदिन बिहान परामर्श दिने, कक्षा लिने, उनीहरुको रेकर्ड हेर्ने र अभिभावकलाई अनिवार्य रुपमा बोलाएर उनीहरुको अगाडि पनि लागुऔषधको नकारात्मक असरबारे बताउँदै सकारात्मक सन्देश लिएर छोड्ने गरेको छु । युवा बिग्रे देश बिग्रिन्छ, युवा कुलतमा लाग्यो भने समाज र देश कहिलै माथि उठ्दैन' त्यसैले युवालाई कुलतबाट बचाउन हामीले यस्तो प्रयास थालेको प्रहरी उपरीक्षक शर्माको भनाइ छ ।

# स्वास्थ्य सामग्री हस्तान्तरण



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नम्बर २६ का वडाध्यक्ष शम्भु मिश्राले आगामी आर्थिक वर्षदेखि कुल बजेटको २० प्रतिशत शिक्षा, स्वास्थ्यमा लगानी गर्ने बताएका छन् । वीरगंज महानगरपालिकाको वडा नम्बर २६ को स्वास्थ्य चौकीलाई स्वास्थ्य सामग्री हस्तान्तरण कार्यक्रमलाई सम्बोधन गर्दै उनले वडाको कुल बजेटको २० प्रतिशत बजेट आगामी वर्षदेखि शिक्षा स्वास्थय क्षेत्रका लागि छुटयाउने जानकारी दिए । वडाबासीहरुले स्वास्थ्य चौकीबाट सहज गुणस्तरीय सेवा लिन सकुन भनेर नै यस बर्ष डेढ लाख बराबरको स्वास्थ्य सामाग्रीहरु स्वास्थ्य चौकीलाई हस्तान्तरण गरेको उनले बताए । साथै वडाध्यक्ष मिश्रले आफनो एक महिनाको तलब भता स्वास्थ्य चौकीलाई प्रदान गर्ने प्रतिबद्धतासमेत व्यक्त गरे । कार्यक्रमलाई सम्बोधन गर्दै महानगरका स्वास्थ्य शाखाका प्रमुख अनिल कुमार यादवले दादुरा रुवेला खोपमा समन्ववय गरि कोही पनि नछुटने गरि खोप लिनको लागि वडाबासीलाई आग्रह गरे । वडाध्यक्ष मिश्राको अध्यक्षतामा सम्पन्न भएको स्वास्थय सामाग्री हस्तान्तरण कार्यक्रममा वडा सचिव बिनोद यादव, प्रधानाध्यापक वीरेन्द्र ठाकुर, ईलाका प्रहरी कार्यालय सुगौलीका प्रमुख बाल कुँवर कार्की, विभिन्न राजनितीक दलका अगुवा, स्वास्थ्य चौकीका जनस्वास्थ्य निरीक्षक राघवेन्द्र मिश्रलगायतको सहभागिता रहेको थियो ।

# सामानसहित ट्रक नियन्त्रणमा

**मधेशदृष्टि**
**वीरगंज ।**
प्रहरीले करिब ३७ लाख रुपैयाँ मूल्यभन्दा बढीको किराना सामानसहित ट्रकलाई नियन्त्रणमा लिएको छ ।

वीरगंजबाट पोखरातर्फ जाँदै गरेको ग १ ख ९४२४ नम्बरको ट्रकबाट बरामद ३७ लाख २९ हजार ७३ रुपैँया मूल्य बराबरका किराना सामग्रीको बिल शंकास्पद देखिएपछि नियन्त्रणमा लिइएको सूचना अधिकारी न्यौपानेले जानकारी दिए ।

बरामद सामानसहित ट्रकलाई आवश्यक कारवाहीका लागि राजश्व अनुसन्धान कार्यालय पथलैया बारामा बुझाइएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ । त्यस्तै, वीरगंजबाट काठमाडौँतर्फ जाँदै गरेको ना १ ज ३८८५ नम्बरको सुमोभित्र राखिएको मोबाइलको टेम्पर ग्लास दुई हजार ५० पिस बरामद भएको प्रहरीले जनाएको छ ।

# भन्सार छलीको सामान बरामद

**मधेशदृष्टि**
**बारा ।**
जिल्ला प्रहरी कार्यालय बाराले करिब ४१ लाख रुपैयाँ मूल्य बराबरका भन्सार छलीका सामानसहितको ट्रक नियन्त्रणमा लिएको छ । जितपुरसिमरा उपमहानगरपालिका वडा नम्बर २१ अमलेखगञ्ज चोकबाट प्रहरीले उक्त सामानसहित ट्रक नियन्त्रणमा लिएको हो । इलाका प्रहरी कार्यालय अमलेखगञ्जबाट खटिएको टोलीले चलाएको जाँच अभियानको क्रमबाट ४० लाख ८४ हजार ७३ रुपैँयाका सामानसहित ट्रक नियन्त्रणमा लिएको प्रहरी नायब उपरिक्षक सूचना अधिकारी दधिराम न्यौपानेले जानकारी दिए ।

वीरगंजबाट गोर्खातर्फ जाँदै गरेको ना ६ ख ९७६३ नम्बरको बसमा लोड रहेको तीन सय किलोग्राम लसुनको स्रोत खुलाउन नसक्दा नियन्त्रणमा लिइएको हो ।

# सिद्धपुर गाउँमा शिव मन्दिरको उद्घाटन

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको सखुवाप्रसौनी गाउँपालिकाको वडा नम्बर १ सिद्धपुर गाउँमा रहेको शिव मन्दिरको उद्घाटन गरिएको छ । शुक्रबार एक कार्यक्रमका बीच विधवतरुपमा पूजापाठसहित वृक्षारोपण गरी सिद्धपुर गाउँमा नवनिर्मित शिव मन्दिरको उद्घाटन गरिएको हो । संघीय सांसद राजकुमार गुप्ता र प्रदेश सभा सदस्य प्रमोद जैसवालले संयुक्त रूपमा मन्दिरको उद्घाटन गरेका हुन् ।

मन्दिर उद्घाटन कार्यक्रममा सांसद गुप्ताले मन्दिर निर्माण भएसँगै यस क्षेत्रमा धार्मिक पर्यटन बढ्ने विश्वास व्यक्त गरे । उनले लामो समयदेखि मन्दिर निर्माण गर्ने गाउँबासीहरुको सपना पूरा भएको बताए । प्रथम गाउँपालिका अध्यक्ष प्रदीप जैसवालको कार्यकालदेखि निर्माण गर्न लागिएको मन्दिर अधुरो रहेको अवस्थामा क्षेत्र नं ३ (क) बाट निर्वाचित प्रदेश सांसद प्रमोद जैसवालको संसदीय कोषको रकमबाट पूर्ण रूपले निर्माण भएको हो । साथै सिद्धपुरमा फागुन २५ गतेदेखि सप्ताह यज्ञमा आवश्यक पर्ने सम्पूर्ण सामग्री लगायत अन्य सहयोग गर्ने प्रतिबद्धता समेत सांसद गुप्ताले गरेका छन् ।




# खोप लगाउन २१ सय बढी कर्मचारी परिचालन

**एसपी गौरब**
**सर्लाही ।**
सर्लाहीमा दुई लाख बढी बालबालिकालाई दादुरा–रुबेलाको खोप लगाउन सुरु गरिएको छ । दादुरा–रुबेला खोप अभियान अन्तर्गत जिल्लामा फागुन १६ गतेदेखि चैत ४ गतेसम्म नौ महिनादेखि १५ वर्षमुनिका दुईलाख ८० हजार ९६ जना बालबालिकालाई खोप लगाउन सुरु गरिएको स्वास्थ्य कार्यालय मलंगवा सर्लाहीका प्रमुख एवम मेडिकल सुपरिटेन्डेन्ट डा.नवल किशोर झाले जानकारी दिए ।



उनका अनुसार जिल्लाका नौ महिनादेखि १५ वर्ष मुनिका दुई लाख ८० हजार ९६ जना बालबालिकालाई दादुरा–रुबेलाको खोप लगाउन सुरु गरिएको र जिल्लाका २० वटै पालिकाका दुई सय वटै वडाहरुमा अभियान सञचालन गरिएको छ । जिल्लामा एक हजार ९६ खोप केन्द्र, चार जना खोप अधिकृत, छ सय जना स्वयमसेवक, एक हजार तीन सय ४६ जना स्वास्थ्य स्वयम् सेवीकाहरु र दुई सय १९ जना स्वास्थ्यकर्मीहरुले सुपरभिजन गरिरहेको स्वास्थ्य कार्यालय मलंगवा सर्लाहीका खोप अधिकृत राम दुलार यादवले जानकारी दिए । उनका अनुसार खोप लगाउने दर उच्च भए पनि दादुरा–रुबेलाको जोखिम कायमै रहेकाले अभियान सञ्चालन भएको हो । ज्वरो आएको बेलामा खोप लगाउन नमिल्ने भए पनि ज्वरो निको भएपछि खोप लगाउन सकिने स्वास्थ्यकर्मीहरुले बताएका छन् । बालबालिकामा इम्युनिटी पावर कम भएका बेला बाहेक अरु बेला खोप लगाउन सकिन्छ । नेपाल सरकारले सन् २०२६ सम्ममा नेपालबाट दादुरा–रुबेला उन्मुलन गर्ने लक्ष्य लिएको छ । सोही अनुसार जिल्लामा अभियान सञ्चालन गरिएको स्वास्थ्य कार्यालय मलंगवा सर्लाहीले जनाएको छ ।

# वीरगंजमा चैत ३ र ४ गते जनमतको केन्द्रीय बैठक बस्ने




**मधेशदृष्टि**
**वीरगंज ।**
जनमत पार्टीले केन्द्रीय समितिको बैठक पर्साको वीरगंजमा बस्ने भएको छ । यहि चैत्र ३ र ४ गते पार्टीको केन्द्रीय समिति बैठक वीरगंजमा बोलाइएको जनमतका केन्द्रीय सचिव वीपी साहले जानकारी दिए । साहका अनुसार बैठकमा सरकारको समीक्षालगायत संगठन विस्तारको विषयमा छलफल हुनेछ । जनमत पार्टीले मधेश प्रदेश सरकार छाडिसकेको छ । संघीय सरकारलाई निरन्तरता दिए पनि सम्बन्ध राम्रो छैन । पार्टीले नौलो गणतन्त्रका लागि तेस्रो जनआन्दोलन गर्ने तयारी गरिरहेको सचिव साहको भनाई छ । बैठकमा सरकारलाई निरन्तरता दिने कि नदिने विषयमा पनि छलफल हुने उनले बताए । २०८१ जेठ १५ गते गणतन्त्र दिवसका दिन काठमाडौँमा शक्ति प्रदर्शन गर्ने तयारी समेत जनमत पार्टीको छ । त्यसको तयारीका बारेमा समेत बैठकमा छलफल हुने बताइएको छ ।

# भूमाफियाले कब्जा गरेको जग्गा गाउँपालिकाले फिर्ता ल्यायो



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको जगरनाथपुर गाउँपालिका वडा नम्बर ३ विजवनियामा फर्जि कागजातको आधारमा व्याक्तिको नाममा गरिएको झण्डै चार बिघा सार्वजनिक जग्गा गाँउपालिकाले ल्याएको छ । साविकको विजवानिया गाविस वडा नम्बर २ मा रहेको नदि किनारको कित्ता नम्बर ६२को तीन बिघा १८ काठ्ठा जग्गा दुई जना व्याक्तिले मालपोत कार्यालयका कर्मचारीको मिलोमतोमा आफ्नो नाममा कायम गराएका थिए । केही वर्ष पहिले बहुदरमाई नगरपालिका वडा नम्बर २ विश्रामपुरकी चन्द्रकली कुर्मीन् र त्यही स्थानका महेन्द्र प्रसाद गोढले मालपोत कार्यालयमा फर्जि कागजात पेश गरेर उक्त जग्गा संयुक्त रुपमा आफ्नो नाममा दर्ता गराए थिए । यसबारेमा विजवनियाका स्थानीयले जगरनाथपुर गाउँपालिका कार्यालयमा जानकारी गराएपछि गाउँपालिका अध्यक्ष श्रीकान्त प्रसाद यादवले मालपोत कार्यालय पर्सामा जग्गा गाँउपालिकाको स्वामित्वमा फिर्ता ल्याउन पत्र पठाएका थिए । गाँउपालिकाले पठाएका प्रमाणसहितका कागजातको मालपोत कार्यालयले अध्ययन गर्दा जग्गा चन्द्रकली कुर्मीन् र महेन्द्र प्रसाद गोढको भएको ठहर नभएपछि उनीहरुको नाममा दर्ता रहेको जग्गाको लालपुर्जा खारेज गरी फाल्गुन १५ गते जगरनाथपुर गाउँपालिकाको नाम दर्ता गरी लालपुर्जा दिएको गाँउपालिका अध्यक्ष यादवले बताए ।

# नामिबियामाथि नेपालको रोमाञ्चक जित




**मधेशदृष्टि**
**वीरगंज ।**
त्रिकोणात्मक अन्तर्राष्ट्रिय टी–२० शृंखलामा नेपालले पहिलो जित हात पारेको छ । कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा बिहीबार नेपालले नामिबियालाई तीन रनले पराजित गर्यो । जितसँगै नेपालले तीन खेलमा दुई अंक जोडेको छ । लगातार दोस्रो पराजय ब्यहोरेको नामिबियाको पनि समान खेलबाट दुई अंक नै छ । नेपालले प्रस्तुत गरेको १८१ रनको लक्ष्य पछ्याएको नामिबियाले २० ओभर नै ब्याटिङ गरे पनि सात विकेट गुमाउँदै १७७ रन बनायो । जितका लागि अन्तिा ओभरमा १२ रन चाहिएको अवस्थामा नामिबियाले एक विकेट गुमाउँदै आठ रन मात्र बनाउन सक्यो । नामिबियाका लागि कप्तान जेजे स्मिथले २६ बलमा ६ चौका र दुई छक्काको मद्दतले सर्वाधिक ५० रनको योगदान गरे । यसैगरी फ्रेइलिंकले ३७, जिन पियरे कोट्जीले २५, जिन ग्रिनले अविजित २३ रुबेन ट्रम्पलम्यानले १४ रन बनाए । नेपालका लागि दीपेन्द्रसिंह ऐरी, सोमपाल कामी र करण केसीले समान दुई तथा अविनाश बोहराले एक किवेट लिए ।

त्यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको नेपालले निर्धारित २० ओभरमा आठ विकेट गुमाउँदै १८० रनको योगफल तयार पार्यो । नेपालका लागि कुशल मल्लले ३७ बलमा चार छक्का र एक चौकाको मद्दतले अविजित ५५ रनको योगदान गरे । यसैगरी आरिफ शेखले ३१, गुल्सन झाले २६, अनिल शाहले २३, दीपेन्द्रसिंह ऐरीले १६ र कप्तान रोहितकुमार पौडेलले १० रन बनाए । नामिबियाका लागि बेन शिकोन्गोले तीन, ज्याक ब्रसेलले दुई तथा रुबेन ट्रम्पलम्यान, जान निकोल लोफ्टी इएटन र बेर्नार्ड स्कोल्ट्जले समान एक विकेट लिए । यसअघि नेपालले नामिबियासँग २० र नेदरल्यान्ड्ससँग दुई रनको पराजय ब्यहोरेको थियो । नामिबिया नेदरल्यान्ड्सँग ५९ रनले पराजित भएको थियो । अब नेपालले अन्तिम खेलमा शनिबार नेदरल्यान्ड्सको सामना गर्नेछ ।

# भागबण्डा नमिल्दा ३ पालिका अझै बजेट विहीन



**सञ्जय मिश्रा**
**रौतहट ।**
फागुनको दोस्रोसाता बितिसक्दा पनि मधेश प्रदेशका तीन पालिकाहरुले अझै बजेट ल्याउन सकेको छैनन् ।
आपसी भागबण्डा मिल्न नसकेको कारण प्रदेशको एक सय ३६ मध्ये तीन वटा पालिकाले फागुन १८ गतेसम्म आर्थिक वर्ष २०८०/०८१ को लागि बजेट ल्याउन नसकेका हो ।
बजेट ल्याउन नसकेका मध्ये रौतहटको एक र सर्लाहीको दुई पालिका रहेका छन् । रौतहटको फतुवा विजयपुर नगरपालिका, सर्लाहीको हरिपूर्वा नगरपालिका र चन्द्रनगर गाउँपालिकाले बजेट ल्याउन नसकेका हो ।
फतुवा बिजयपुर नगरपालिकाको नेपाली कांग्रेसका निर्वाचित मेयर गोपाल राय यादव अख्तियारले नदीको टेन्डरमा दोषी ठहर गर्दा विशेष अदालतले तीन बर्ष कैद र १५ लाख रुपैयाँ जरिबाना गरेपछि गत आर्थिक बर्षमा उनको पदच्युत भएको थियो । कार्यवाहक मेयर अम्बेया खातुन र प्रमुख प्रशासकीय अधिकृत उपसचिव सुरेन्द्र प्रधानको प्रयासमा निर्धारित समय भन्दा ७ महिना ढिलो गत ३ गते सातौं नगरसभा सम्पन्न भएको थियो । तर बाँकी प्रक्रिया हालसम्म मिल्न नसकेका कारण फतुवा विजयपुरको यस आवको बजेट हालसम्म आउन सकेको छैन ।
असार १० भित्र हुनुपर्ने नगरसभा समयमा हुन नसक्दा त्यहाँका शिक्षक कर्मचारी गरी झन्डै साढे तीनसय कर्मचारीले हालसम्म तलब पाउन सकेका छैनन् । त्यसैगरी आन्तरिक विवादका कारण भन्दै सर्लाहीको हरिपूर्वा र चन्द्रनगरले बजेट ल्याउन सकेको छैनन् । तलबको माग गर्दै पछिल्लो १८ दिन देखि हरिपूर्वाका कर्मचारी तथा शिक्षक दैनिक पालिका अगाडी धर्नामा बस्दै आएका छन् । त्यस्तै चन्द्रनगरको पनि आर्थिक गतिविधि प्रायः ठप्प भएको स्थानीयले बताएका छन् । पालिकाहरुले विभिन्न राजनीतिक, प्राविधिक जे जस्तो कारण देखाएपनि मधेश प्रदेशमा समयमा नगरसभा नहुनु अर्थात ढिलो गरी हुनुको प्रमुख कारण निर्वाचित पालिका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुबीच बजेटको भागबण्डा नमिल्नु नै मुख्य कारण रहेको जानकारहरूको भनाई छ । देशभरीको कुल ७ सय ५३ स्थानीय तहमध्ये मात्र तीन स्थानीय तहले चालु आर्थिक वर्षको ८ महिना बितिसक्दा पनि बजेट पेश गर्न सकेको छैनन् । स्थानीय तहले समयमा बजेट ल्याउन नसक्दा प्रदेश सरकार तथा संघ सरकारबाट पाउने अनुदानमा कटौती हुने गर्दछ भने ढिलो गरी बजेट ल्याउँदा सदुपयोग हुने सम्भावना झिनो हुने गर्दछ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ अनुसार स्थानीय तहले असार १० भित्र बजेट ल्याउनु पर्ने र असार मसान्तसम्ममा पास गरिसक्नु पर्ने कानुनी व्यवस्था रहेको छ ।

# वीरगंजमा दुईदिने 'खाना तथा सांस्कृतिक मेला' सुरु



**मधेशदृष्टि**
**वीरगंज ।**
विद्यार्थीहरुका लागि रात्री बजारको अवधारणा अनुरुप 'सिक्दै कमाउदै कार्यक्रम' अन्तर्गत दुई दिने 'खाना तथा सांस्कृतिक मेला' प्रारम्भ भएको छ । वीरगन्जको घण्टाघरदेखि उत्तरतर्फको फुटपाथमा शुक्रबारदेखि मेला





आयोजना गरिएको आयोजक वीरगंज कलेजले जनाएको छ । शुक्रबार र शनिबार दिउँसो २ बजेदेखि राति १० बजेसम्म आयोजना हुने खाना तथा सांस्कृतिक मेलाको पर्साका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालले रिबन काटेर शुभारम्भ गरेका थिए । कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि भुषालले वीरगंज कलेजले त्याएको अवधारणा धेरै राम्रो भएको उल्लेख गरे । विद्यार्थीहरुलाई अध्यापन मात्र गरेर नपुग्ने भएकोले यसको बजार व्यवस्थापन, आर्थिक स्रोत कसरी संकलन गर्ने, मुनाफा र उद्यमशील मात्र भएर नहुने यसको इतिहास खोज्ने जस्ता बिषयमा पनि विद्यार्थीहरुले जान्न जरुरी रहेको बताए । विद्यार्थीहरुमा सिक्दै कमाउदै अवधारणा विकास गर्न, उद्यमशिलताको अवधारणालाई विकास गर्न र बारा– पर्साको लोक सांस्कृतिक तथा परम्परागत खानाको प्रवद्र्धन गर्नका लागि मेला आयोजना गरिएको कलेजका अध्यक्ष डा. दिपेन्द्र कुमार चौधरीले जानकारी दिए । खाना तथा सांस्कृतिक मेलाले यस क्षेत्रका विद्यार्थीहरुमा 'सिक्दै कमाउदै' अवधारणा विकास भई विद्यार्थीहरुलाई प्रोत्साहन गर्नुको साथै उद्यमशीलता विकासमा पनि टेवा पुग्ने कलेजको विश्वास छ । मेलामा विभिन्न खानाको परिकारको ३२ वटा स्टल रहेको छ । मेलामा १५ देखि २० हजार दर्शक आउने वीरगंज कलेजको अनुमान छ ।

# भन्सार छलीको प्याज बरामद



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा प्रहरीले भन्सार छली चोरी पैठारी गरी ल्याएको प्याज तथा विभिन्न किसिमका लत्ताकपडाहरू बरामद गरेको छ । शुक्रबार दिउँसो जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको गस्ती टोलीले वीरगंज महानगरपालिका वडा नं.८ मिनाबजारबाट भन्सार छली चोरी पैठारी गरी ल्याइएको १ सय ३३ बोरा प्याज लगायत ठूलो परिणाममा भारतीय विभिन्न ब्राण्डका लताकपडा बरामद गरेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवम् डिएसपी कुमार विक्रम थापाले बताए । बरामद लत्ताकपडाको ३ लाख ३ हजार ३१० रुपैयाँ मूल्य कायम गरी थप कारवाहीका लागि वीरगंज भन्सार कार्यालय पठाइएको डिएसपी थापाले बताए ।

# वीरगंज रक्सौल नाकामा एसएसबीको ज्यादति



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज–रक्सौल सीमा नाकाअन्तर्गत मितेरी पुलमा खटिएको भारतीय एसएसबी फोर्सको सादा पोशाक तथा सफारी ड्रेसमा रहेका सुरक्षाकर्मीको दुरव्यवहार बढ्दै गएपछि रक्सौल आउँजाउँ गर्ने सर्वसाधारण प्रभावित भएका छन् । सस्तो मूल्यमा पाउँने प्रलोभनमा दैनिक उपभोग्य समान लिन रक्सौल गएका सर्वसाधारणहरुलाई सादा पोशाकका एसएसबीहरुले शुक्रबार कुटपिट गरेका कारण वीरगंजका दुई जना सर्वसाधारण घाइते भएका छन् । एसएसबीको कुटाईबाट वीरगंज महानगरपालिका वडा नं १ छपकैयाका स्थानीय बलिराम साह सोनार घाइते भएका छन् । उनको टाउँकोमा एसएसबी फोर्सका जवानले लाठी प्रहार गर्दा १४ वटा टाँका लागेको छ । उनको हाल वीरगंजको नारायणी अस्पतालमा उपचार भइरहेको छ ।
अहिले सीमानाकामा भारतीय एसएसबीको ज्यादतिका कारण नेपाली सर्वसाधारण पीडित भएको र यस सम्बन्धमा तत्काल वीरगंजस्थित महावाणिज्य दुतावासले पहल गरेर समस्या समाधान गर्नुपर्ने माग सर्वसाधारणको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन